म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक ३४२ बुधबार, ७ साउन २०८२ ने. सं. ११४५ दिल्लागा 23 July 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## लागूऔषधसहित २ जनालाई पक्राउ

हेटौंडा, ६ साउन/१ ग्राम ७ सय १० मिलिग्राम लागुऔषध खैरोहेरोईनसहित दुईजनालाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ । हेटौंडा-१५ रातोमाटे चेकपोईन्टस्थित पूर्वपश्चिम सडकखण्डमा सवारीसाधन रोकी चेकजाँच गर्ने क्रममा पक्राउ गरेको हो । पक्राउ पर्नेमा कपिलबस्तु बाणगंगा नगरपालिका-६ घरभई हाल काठमाडौ बुढानीलकण्ठ नगरपालिका-१ बस्ने वर्ष १९ को विकासराज पाण्डे र सोही मोटरसाइकलमा पछाडि सवारभई आएका सोही स्थान बस्ने वर्ष २२ को कबिन चन्दन रहेको जिल्ला प्रहरी कार्यालय मक्वानपुरले जनाएको छ । प्रहरीका अनुसार मंगलबार रातोमाटे चेकपोईन्टस्थित पूर्वपश्चिम सडकखण्डमा सवारीसाधन रोकी चेकजाँच गर्ने क्रममा बर्दिबासबाट हेटौंडातर्फ आउँदै गरेको बा ८८ प १९८१ नं. को मोटरसाइकल चालक पाण्डे र पछाडि सवार चन्दनलाई शंका लागि रीतपूर्वक खानतलासी गर्दा निजहरुको साथबाट १ ग्राम ७१० मिलिग्राम लागूऔषध खैरोहेरोईन फेला परेको हो । लागुऔषध सहित पाण्डे र चन्दनलाई नियन्त्रणमा लिई मकवानपुर जिल्ला अदालत हेटौंडाबाट लागूऔषध मुद्दामा म्यादथप अनुमति लिई अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ ।

# निजी विद्यालयले गुणस्तरीय शिक्षा प्रदान गरेको छ-प्रदेशप्रमुख देवकोटा

साझाकुरा संवाददाता

हेटौंडा, ६ साउन/राज्यको लगानीबिनै निजी विद्यालयले गुणस्तरीय शिक्षा प्रदान गर्दै उत्कृष्ट नतिजा हासिल गर्नु प्रशंसनीय कार्य भएको बागमती प्रदेशका प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले बताएका छन् ।

राज्यको लगानीबिनै निजी विद्यालयले गुणस्तरीय शिक्षा प्रदान गर्दै उत्कृष्ट नतिजा हासिल गर्नु प्रशंसनीय कार्य भएको देवकोटाले बताए । नीजि तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) मकवानपुरले २०८१ सालको माध्यमिक शिक्षा परीक्षा (एसइइ) मा उत्कृष्ट नतिजा ल्याउने विद्यालय र विद्यार्थीलाई सम्मान गर्न आयोजना गरेको कार्यक्रमका प्रमुखअतिथि प्रदेशप्रमुख देवकोटाले शिक्षाप्रणालीमा निजी तथा सामुदायिक विद्यालयबीच भेदभाव गर्नु अनुचित भएको उल्लेख गरे । शिक्षाको मापन गुणस्तरीयताले गरि नुपर्नेमा देवकोटाको जोड थियो ।

प्रदेशप्रमुख देवकोटाले शिक्षा केवल परीक्षा पासगर्नु मात्र नभई जीवन बुझ्ने कला भएको बताए । विद्यार्थीको उपलब्धिमा



गुरुजन, अभिभावक, विद्यालय प्रशासन र उनीहरुले झेलेका कठिनाइको पनि महत्वपूर्ण भूमिका रहेको उनले बताए । अभिभावकले दिने संस्कार, शिक्षकले दिने शिक्षा र विद्यार्थीको अथक परिश्रमको सन्तुलनबाट मात्र सफलता हासिल गर्न सकिने देवकोटाको भनाइ थियो ।

विद्यार्थीभित्रको क्षमताको पहिचान गर्न सके अभिभावकहरु खुशी हुने उनले बताए । परिवार, समाज र राष्ट्रले विद्यार्थीबाट धेरै अपेक्षा राखेको उल्लेख गर्दै सफलतालाई स्थायी बनाउन अबको बाटो अझ चुनौतीपूर्ण हुने धारणा उनले राखे । आजका विद्यार्थी भोलिका वैज्ञानिक, नीति निर्माता र समाजसुधारक बन्नसक्ने अपार सम्भावना बोकेका नागरिक रहेको बताउँदै अथक मेहनतले मात्र दीर्घकालीन सफलता सम्भव हुने उनको भनाई थियो । प्याबसन मकवानपुरका अध्यक्ष विनोद सुवेदीको अध्यक्षतामा भएको कार्यक्रममा प्याबसनका केन्द्रीय उपाध्यक्ष आषिश श्रेष्ठ, प्रमुख सल्लाहकार मदन दाहालले संस्थागत विद्यालयलाई राज्यले बिभेद गरिरहेको बताए ।


निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) मकवानपुरले २०८१ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा उत्कृष्ट नतिजा ल्याउने विद्यालय र विद्यार्थीलाई सम्मान गरेको छ । कार्यक्रममा मकवानपुर जिल्लाबाट एसईई परीक्षामा संस्थागत विद्यालयबाट उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी, ४ जिपिए ल्याउने विद्यालय तथा शत प्रतिशत विद्यार्थी उत्तीर्ण गराउन सफल विद्यालयलाई सम्मान गरिएको हो ।

४ जिपिए ल्याएर सर्वोत्कृष्ट विद्यार्थीहरु अनुप्रस्था देवकोटा, अनुषा उप्रेती, विमर्श श्रेष्ठ, सचिनकुमार यादव र अस्मित घिमिरेलाई जनही नगद पाँच हजार सहित सम्मान गरिएको हो । त्यस्तै, ४ जिपिएका साथै शतप्रतिशत विद्यार्थी उत्तीर्ण गराउन सफल बालजागृति इग्लिस सेकेन्डरी स्कुल, जिपिए ४ ल्याउने नवोदय शिशुसदन, सोलिडारिटी इग्लिस स्कुल र सामुदायिक विद्यालयतर्फ मकवानपुर जिल्लामा नै पहिलोपटक ४ जिपिए ल्याउन सफल बालज्योति मावि पिप्लेलाई सम्मान गरिएको थियो ।

बालज्योति माविबाट अस्मिता घिमिरेले ४ जिपिए ल्याउन सफल भएको विद्यालयका प्रधानाध्यापक भरत अर्यालले जानकारी दिए । यसैगरी, मकवानपुर जिल्लाबाट शतप्रतिशत विद्यार्थी उत्तीर्ण गराउन सफल विद्यालयलाई पनि सम्मान गरिएको थियो । यसवर्षको एसईई परीक्षामा सामुदायिक विद्यालयतर्फ शारदा माध्यमिक विद्यालय र संस्थागत तर्फ बालजागृति, सुनगाभा शिक्षा निकेतन, मकवानपुर बालविद्यासदन र जेम्स मिडियम इग्लिस स्कुल रहेका छन् । उनीहरुलाई सम्मानपत्रद्वारा सम्मानित गरिएको थियो ।

कार्यक्रममा प्याब्सन केन्द्रीय उपाध्यक्ष श्रेष्ठ तथा सहकोषाध्यक्षमा ग्रेस श्रेष्ठ निर्वाचित भएकोमा बधाई ज्ञापन गरिएको थियो । कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरकी शाखाअधिकृत उन्नति ढकाल, प्याब्सन सल्लाहकार र घुनाथ खराल, वरिष्ठ पत्रकार प्रताप विष्ट, संस्थागत विद्यालय अभिभावक संघ मकवानपुरका अध्यक्ष रमिला सापकोटालगायतको उपस्थिति थियो ।






साझाकुरा

## हाम्रो कुरा

# निर्यात व्यापारमा सुधार

एकदसक अघिसम्म मकवानपुरबाट बर्षेनी ३/४ अर्ब रुपैयाँको भारत तथा तेस्रो मुलुकमा ब्यापार हुने गरेको थियो । भदौमा च्याउ उम्रेको जस्तै राप्तीको दायाँवायाँ खुलेका क्रसरले गिट्टीबालुवा भारत निर्यात गरिरहेको थियो । हेटौंडा औद्योगिक क्षेत्रमा रहेका आधा दर्जन बहुराष्ट्रिय कम्पनीले पनि निर्यात ब्यापार गरिरहेका थिए । २०७२ को बिनाशकारी भूकम्प र त्यसलगत्तै भातीय नाकाबन्दीले नेपालको निर्यात ब्यापारलाई धरासायी बन्दै गएको हो । मकवानपुर जिल्लाबाट भारत तथा तेस्रो मुलुकमा हुँदै आएको निर्यात व्यापारमा गत आर्थिक वर्षमा भने झिनो अंकले वृद्धि भएको छ । यसमा ज्यादै हौसिनु आवश्यक भने छैन । आर्थिक वर्ष २०८०/८१ को अनुपातमा गत आर्थिक वर्ष २०८१/८२ मा निर्यातमा वृद्धि भएको हो । गत आर्थिक वर्षमा मकवानपुर बाट निर्यातमूलक उद्योग र व्यावसायिक प्रतिष्ठानले गरी ४० करोड ४२ लाख ७९ हजार ९४३ रुपैयाँ बराबरको निर्यात गरेको उत्पत्तिको प्रमाणपत्र जारी गर्दै आएको मकवानपुर उद्योग वाणिज्य संघले जनाएको छ ।

आर्थिक वर्ष २०८०/८१ मा ३५ करोड ४५ लाख ७४ हजार छ सय रुपैयाँ बराबरको निर्यात भएको थियो । संघका अनुसार गत आवमा भएको निर्यात आव २०७८/७९ मा भन्दा कम हो । आर्थिक वर्ष २०७८/७९ को तुलनामा आर्थिक वर्ष २०८०/८१ मा मकवानपुर जिल्लाबाट भएको निर्यात व्यापारमा गिरावट आएको थियो । संघका वरिष्ठ उपाध्यक्ष दीपक उप्रेतीले निर्यातजन्य उद्योगलाई प्रोत्साहित गर्ने सरकारको नीतिको अभावमा निर्यात व्यापार अपेक्षाअनुसार नबढेको बताएका छन् । उनले लगानीमैत्री वातावरण बनाएर निर्यात व्यापार वृद्धि गर्न निर्यातजन्य उद्योगलाई सरकारले थप सुविधा दिनुपर्नेमा जोड दिए । आर्थिक वर्ष २०७९/८० मा मकवानपुरका निर्यातमूलक उद्योग र व्यावसायिक प्रतिष्ठानले एक अर्ब १५ करोड २१ लाख ६० हजार ५६६ रुपैयाँ बराबरको निर्यात गरेका थिए । संघका अनुसार आर्थिक वर्ष २०७८/७९ मा यस जिल्लाबाट उद्योग र व्यावसायिक प्रतिष्ठानले गरी एक अर्ब ५५ करोड ५६ लाख ८० हजार १२९ रुपैयाँ बराबरको निर्यात गरेका थिए । गत आर्थिक वर्षमा मकवानपुरबाट थप दुई उद्योगले निर्यात गरेका छन् । आर्थिक वर्ष २०८०/८१ मा छ वटा उद्योगले निर्यात गरेमा गत आवमा आठ वटा उद्योगले आफ्नो उत्पादन निर्यात गरेका हुन् । बहुर्राष्ट्रिय कम्पनी युनिलिभर नेपाल लिमिटेड र सिद्धिश्री इन्डस्ट्रिज प्रालिले आफ्नो उत्पादन निर्यात गरेका हुन् । युनिलिभर नेपाल लिमिटेडले लामो समयको अन्तरालपछि आफ्नो उत्पादन भारत निकासी गरेको हो । बिर्को निर्यात गर्दै आएको प्याक्ट ग्रुप क्लोजर सिस्टम इन्टरनेसनल (नेपाल) प्रालिको यस जिल्लाबाट हुने निर्यातमा ठुलो हिस्सा रहेको छ । भारतसहित तेस्रो मुलुक फिजी र अस्ट्रेलियामा निर्यात गर्दै आएको उद्योगले गत आर्थिंक वर्ष ३२ करोड ५४ लाख एक हजार ७१५ रुपैयाँ बराबरको निकासी गरेको संघले जनाएको छ ।

प्याक्ट ग्रुप क्लोजरपछि नेपाल इकरात इन्जिनियरिङ कम्पनी प्रालि र इभान्स लाइफ साइन्सेस प्रालिको निर्यात व्यापारमा बढी योगदान रहेको छ । नेपाल इकरातले ट्रान्सफर्मर र इभान्स लाइफ साइन्सेसले लोठसल्लाको पाउडर निकासी गर्दै आएको छ । अघिल्लो आर्थिक वर्ष भारत निर्यात गरेको खजुरीको नेपाल प्रालिले गत आर्थिक वर्ष निकासी गरेन । भारत, अस्ट्रेलिया, फिजी, बंगलादेश, भुटान र संयुक्त अरब इमिरेट्समा गत आवमा निकासी भएपनि सबैभन्दा बढी भारततर्फ निर्यात भएको संघको तथ्यांक छ । आर्थिक वर्ष २०७८/७९ मा एक व्यापारिक प्रतिष्ठान र चारवटा उद्योगले भारत र तेस्रो मुलुकमा खाद्यपदार्थसहित औद्योगिक उत्पादन निर्यात गरेका थिए । संघले सिराहा जिल्लामा रहेको आफ्नो उत्पादन भारत निकासी गर्ने हिमालयन कत्था उद्योग प्रालिका लागि समेत उत्पत्तिको प्रमाणपत्र हेटौंडाबाट नै जारी गर्दै आएको जनाएको छ । राज्यको निर्यात नीति नै उल्टो भएका कारण पनि निर्यात ब्यापारमा ह्रास आएको हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ साउन ८ गते बिहीबार २४ जुलाई २०२५ । औंसी, साउन कृष्णपक्ष । दिल्लागा ११४५ ने.सं. । सूर्योदय ५:२३, सूर्यास्त ६:५६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : सञ्चित धन खर्च हुनेछ | **तुला** | : सहमतिका कार्यहरु हुनेछन् |
| **वृष** | : आफन्तले कुरा काट्नेछन् | **वृश्चिक** | : नयाँ कार्य सम्पन्न हुनेछ |
| **मिथुन** | : आत्मविश्वास बढ्नेछ | **धनु** | : प्रतिभाका कार्यमा सफलता मिल्नेछ |
| **कर्कट** | : आफन्तको सहयोग मिल्नेछ | **मकर** | : सन्तानबाट सन्तोष मिल्नेछ |
| **सिंह** | : मान, प्रतिष्ठा बढ्नेछ | **कुम्भ** | : विवाद पर्न सक्नेछ |
| **कन्या** | : कार्यमा सफलता मिल्नेछ | **मीन** | : दाम्पत्य सुख मिल्नेछ |

# 'जबज' लाई 'हबज' बनाउने प्रवृत्ति



भीम रावल

नेकपा (एमाले) को विधान महाधिवेशनको सन्दर्भमा आन्तरिक र बाह्य रूपमा बहस, विवाद र छलफल भइरहेको छ । यस्तो बहस र छलफल एमालेले विकासक्रममा अंगीकार गर्दै आएको सिद्धान्त, नीति, आदर्श र विधिको आधारमा हुनुपर्ने हो । किनकि यो पार्टी त्यही आधारमा आज देशको शासन चलाउने प्रमुख पार्टीका रूपमा विकसित भएको हो । यसमा हजारौं नेता र कार्यकर्ताको योगदान छ । तर पार्टीको नाम अनुरूप कम्युनिष्ट आदर्श तथा मार्क्सवादी-लेनिनवादी सिद्धान्त र मूल्य-मान्यताको आधारमा कामकुरा भएको देखिंदैन । पार्टीलाई 'झोले'मा रूपान्तरित गर्ने प्रयत्न हुँदा पनि त्यसको सैद्धान्तिक, वैचारिक र व्यावहारिक प्रतिवाद भएको देखिन्न । त्यसरी प्रतिवाद गर्ने सामर्थ्य पार्टीपंक्तिले गुमाइसकेको जस्तो आभास हुन्छ ।

अर्कोतर्फ एमालेको सिद्धान्त, विचार र कार्यदिशा विरोधी तथा कुनै बेला 'शत्रु' ठानिएका र पछि 'प्रतिस्पर्धी' भनिएका नेपाली कांग्रेस लगायत दक्षिणपन्थी दलहरूसँग सत्ताको भागबण्डा गरी खाने कार्यलाई नै 'आदर्श' को रूपमा ग्रहण गरिए झैं प्रतीत हुन्छ । दर्शन, सिद्धान्त, कार्यक्रम र विधि विपरीतका क्रियाकलापले मार्क्सवाद-लेनिनवाद र जनताको बहुदलीय जनवादको हुर्मत लिएको देखिन्छ । पार्टी अध्यक्ष केपी शर्मा ओलीको अभीष्ट जसरी पनि, जोसुकैसँग गठजोड गरेर एवं जहिले पनि सत्ता र पदमा बसिरहने भएको छ । यसको पुष्टि अनेक घटना र परिघटना तथा ओलीका हालैका भनाइ एवं गराइले गरिसकेका छन् । एमालेको सातौं राष्ट्रिय महाधिवेशनमा बहुपदीय प्रणाली र आन्तरिक लोकतन्त्रको सबभन्दा चर्को कुरा ओलीबाट नै गरिएको थियो । सो महाधिवेशन पछि गठित कार्यदलको संयोजक भएर ओली स्वयंद्वारा पार्टी संगठनमा कार्यरत रहन ७० वर्षको उमेर हद एवं एउटै पदमा दुई कार्यकाल मात्र रहन पाउने कुरा प्रस्ताव गरिएको थियो । सोही अनुसार कतिपय नेताहरू जिम्मेवारीबाट अलग भएका थिए ।

आफू नेतृत्वमा आउन उक्त धारणाको वकालत गर्नु तर पदमुक्त हुने भएपछि आफैंले अगाडि सारेको धारणालाई नमान्नु राजनीतिक रूपमा अनैतिक र चरम अवसरवादको द्योतक होइन र ? दशौं महाधिवेशनपछि जालसाजी गर्दै तीन किसिमका विधान छापेर दुई कार्यकालको प्रावधान हटाइनु तथा महाधिवेशनको निर्णयलाई कुल्चिदै स्वेच्छाचारी रूपमा ७० वर्षे प्रावधानलाई 'स्थगित' गरिनु पदलोलुपता र स्वेच्छाचारिताको ज्वलन्त उदाहरण होइन र ? उक्त दुवै प्रावधान नेतृत्व निर्माण, परिवर्तन र हस्तान्तरणसँग सम्बन्धित छन् । यिनै प्रावधानबारे एमालेको विधान महाधिवेशनको सम्मुखमा गम्भीर मतभेद र विवाद भइरहेको छ । यी दुवै प्रावधान हटाइनुपर्छ भन्ने ओलीको भनाइ आफू अकन्टक, निर्विरोध सत्ता र पदमा रहनुपर्छ भन्ने स्पष्ट छ । यसलाई पछिल्लो एउटा अन्तर्वार्ता तथा एमालेका हालैका बैठकहरूमा ओलीका अभिव्यक्तिहरूले अझै छर्लङ्ग पारेका छन् । अन्तर्वार्तामा ओलीबाट आफू 'देवता... पशुपतिनाथले अध्यक्षबाट छोडाइदिए भने...' वा 'आफूभन्दा योग्य व्यक्ति भए मात्र पद छोड्ने' अहंकारपूर्ण घोषणा गरिएको छ ।

अध्यक्ष पदमा सम्भावित प्रतिस्पर्धा वा आफ्नो पराजय रोक्न पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीलाई लामो समय 'पार्टी काम छोडेर बाहिर बसेको' र 'संगठनात्मक अनुभव नभएको' भन्दै राजनीतिमा आउनु नै गलत हुने कुरा गरिएको छ । पार्टीमा पूर्व राष्ट्रपतिको राजनीतिक सक्रियताले समाज, राजनीति र स्वयं उहाँलाई असर पर्ने भनिएको छ । वस्तुत: आफ्नै सत्ता र पदमा रहिरहने महत्वाकांक्षा र चाहनामा असर पर्न सक्ने हुँदा विद्यादेवी भण्डारी विरुद्ध ओलीका भनाइहरू आएको स्पष्टै छ । ओली र विद्यादेवी भण्डारीका बीच पार्टी कार्यालयमा भएको भेटवार्तामा पनि ओलीबाट भण्डारीलाई सक्रिय राजनीतिमा नआउन सुझाव दिइएको, पार्टीका बैठकमा ओलीबाट विद्या भण्डारीको 'पछि नलाग्न', 'प्रवक्ता नबन्न' चेतावनी दिइएको तथा पार्टीलाई 'घेराबन्दी' गरिएको र 'फुटाउने षड्यन्त्र' भइरहेको भन्ने जस्ता कुरा गरी मनोवैज्ञानिक दबाब सिर्जना गर्न खोजिएबाट सत्ता र पदको लागि जस्तासुकै हत्कण्डा अपनाउन अग्रसर रहेको देखिन्छ । सत्तरी वर्षे उमेरको हद राख्ने हो भने आफूले झ्यालखानामा बिताएको समयावधि 'घटाइनुपर्ने' जस्तो हास्यास्पद कुरा अध्यक्ष ओलीबाट पार्टीको बैठकमा नै गरिएको भन्ने पनि सार्वजनिक भयो ।

बैठकमा धाकधम्की तथा सत्ताको त्रास देखाउने कार्य भइरहेको कुरा बाहिर आएकै छ । यस्तो हत्कण्डाको प्रतिवाद गर्दै पत्रकारसँगको कुराकानीमा विद्यादेवी भण्डारीले 'पछि नहट्ने' स्पष्ट गर्दै 'जिल्ला र प्रदेशदेखि नै गुटबन्दी गरेर कार्यकर्तालाई आतंकित पार्ने काम बन्द गर्न' ओली पक्षलाई चेतावनी दिनुभएको छ । पार्टी सदस्यता छोडेर संविधानसभाको अध्यक्ष हुनुभएको सुवास नेम्वाङ पार्टीमा फर्किनासाथ केन्द्रीय उपाध्यक्ष बन्न हुने, पार्टी नै फुटाएर गएका मुकुन्द न्यौपानेलाई पार्टी विधानमा भएको ७० वर्षे उमेर हदको प्रावधान मिचेर स्थायी कमिटीको सदस्य बनाउन हुने, कम्युनिष्ट विरोधी कतिपय व्यक्तिहरूलाई रातारात केन्द्रीय सदस्य, सांसद र मन्त्रीसम्म बनाउन र आम निर्वाचनमा टिकट दिन हुने तर विगतमा ओली स्वयंको सत्ता/पद प्राप्तिमा निकै ठूलो सहयोगीको भूमिका खेल्ने पार्टी, सरकार र राज्यका विभिन्न महत्वपूर्ण जिम्मेवारी वहन गरिसक्नुभएकी विद्यादेवी भण्डारीको पार्टी सदस्यताको विषयलाई विवादास्पद बनाउँदै राजनीतिमा रोक्न खोज्ने प्रवृत्ति नै स्वेच्छाचारी र सत्ताको असीमित भोकले ग्रस्त ओली प्रवृत्ति हो भन्ने देखिंदैन र ?

जहाँसम्म राष्ट्रपति र उपराष्ट्रपतिले दलीय राजनीतिमा सक्रिय हुनुहुने वा नहुने भन्ने विषय छ, संविधान र कानूनले छेकबार लगाउँदैन । सामान्य राजनीतिक मान्यता र नैतिकताको विषय बनाउने हो भने एक वर्षअघि विद्यादेवी भण्डारीले सदस्यता नवीकरण गर्ने बेला तथा उपराष्ट्रपति नन्दबहादुर पुनलाई नेकपा (माओवादी केन्द्र) ले महत्वपूर्ण पार्टी जिम्मेवारी दिने बेला ओलीको मौनता किन ? यदि राष्ट्रपति र उपराष्ट्रपति भइसकेका व्यक्तिले दलीय राजनीतिमा सक्रिय हुन नहुने मान्यतालाई स्थापित गर्ने असल मनसाय मात्र हो भने स्वयं प्रधानमन्त्रीको जिम्मेवारीमा रहेका व्यक्तिले विद्यादेवी भण्डारीको पार्टी सदस्यता नवीकरण एवं नन्दबहादुर पुनको दलीय सक्रियताको समयमा सर्वदलीय बैठक गरी साझा मान्यता बनाउन पहल किन नगरेको ? यथार्थ कुरा भने ओली आफैं र निकटका व्यक्तिहरूले 'सदस्यता नवीकरण प्राविधिक विषय र मुख्य कुरा राजनीति' भएको, विद्याले राजनीतिमा आउनुअघि 'ओलीसँग परामर्श र सल्लाह नलिनु' समस्या भएको भनेबाट छर्लङ्ग हुन्छ ।

अर्थात् ओलीको आजीवन एकछत्र नेतृत्वलाई शिरोपर गर्दै आशीर्वादका लागि 'झोले' बन्न लम्पसार नपर्नु नै विद्यादेवी भण्डारी माथिको प्रहारको कारण भएको स्पष्ट हुन्छ । यही हो त, जबज ? विद्यादेवी भण्डारीको संगठनात्मक क्षमतामाथि प्रश्न उठाउनु भन्दा उहाँबाट हालसम्म निर्वाह गरिएको जिम्मेवारी तथा ओलीबाट निर्वाह गरिएका जिम्मेवारी तथा तिनका परिणामहरूको सूची बनाई समीक्षा गरी सार्वजनिक गरे हुन्थ्यो नि ! राष्ट्रपतिको राजनीतिक सक्रियता रोक्न न्वारानदेखिको बल लगाउने तर उपराष्ट्रपति राजनीतिक जिम्मेवारीमा आउँदा केही नबोल्ने मात्र होइन अन्तर्वार्तामा 'राष्ट्रपति र उपराष्ट्रपति फरक' भएको तर्क चतुऱ्याइँपूर्ण र हास्यास्पद भएको देखिन्न र ? राष्ट्रपतिको अनुपस्थितिमा उपराष्ट्रपतिले निजको जिम्मेवारी वहन गर्ने र मर्यादाक्रम पनि सोही अनुरुप रहेको नेपालको संवैधानिक व्यवस्था होइन र ? कुनै देशको हवाला दिएर नेपालको आफ्नो प्रणालीप्रति आँखा चिम्लन मिल्छ र ?

**आजीवन प्राधिकारपूर्ण सत्ताभोक** !

विश्वका कतिपय कम्युनिष्ट संगठन र शासन प्रणाली छिन्नभिन्न र विघटन हुनुमा नेतृत्वको निरंकुश सत्ताभोगको प्रवृत्ति र व्यवहार कारक रहेको कुराबाट शिक्षा लिनुपर्ने भन्दै लामो बहस र छलफल पछि एमालेमा ७० वर्षे उमेर हद तथा दुई कार्यकालको प्रावधान विगत महाधिवेशनबाट विधानमा राखिएको थियो । यसको पृष्ठपोषण जनताको बहुदलीय जनवाद( जबज) ले गरेको थियो । जबजले पार्टीमा सार्वभौम अधिकार सदस्यहरूमा अन्तरनिहित हुने र सबै प्रतिनिधिहरूलाई चुन्ने र चुनिने अधिकार रहने मान्यता अगाडि सारेको हो । पार्टी विधि र पद्धति अनुसार चल्नुपर्ने कुरामा जोड दिएको हो । कुनै व्यक्तिविशेषलाई 'प्राधिकार' मानेर निजको निहित आकांक्षा र इशारा अनुसार पार्टीपंक्ति चल्नुपर्ने धारणा अस्वीकार गरेको हो ।

तर ओलीको हातमा पार्टी र सरकारको नेतृत्व गएपछि अनुपयुक्त 'प्राधिकार' को मान्यतालाई 'बा' को नयाँ कलेवर हुँदै 'झोले' अभियानमा ब्युँताउने प्रयास भयो । यही निरंकुश र अहंकारी प्रवृत्ति ओलीका हालैका अन्तर्वार्ता तथा बैठकमा प्रकट भएको छ । आफ्नो पद र स्वार्थमा असर पर्न सक्ने देखिनासाथ सदासर्वदा साथ दिंदै आएका 'कमरेड' का विरुद्ध निर्मम किसिमले प्रहार गर्ने ओली प्रवृत्ति अनेक पटक छताछुल्ल भएको छ ।

एमालेमा २०५४ सालमा भएको विभाजन, त्यसपछिको गुटबन्दी, एमाले र माओवादी केन्द्रका बीचको एकीकरणका समयमा पार्टी कमिटीलाई थाहै नदिई प्रधानमन्त्री पद पुष्पकमल दाहाल 'प्रचण्ड' सँग आधा-आधा समय बाँडेर खाने गोप्य सहमति, प्रधानमन्त्रीको पद अरूको हातमा जान सक्ने महसूस भएपछि प्रधानमन्त्रीको 'कुर्सी नै भाँचिदिन्छु' भन्दै प्रतिनिधि सभाको विघटन, माधव नेपालसँग एमालेको एकताको लागि कार्यदल गठन गर्न र ११ जना नेताहरूले तयार गरेको १० बुँदे सहमतिमा सहमत भएर पछि कार्यान्वयन गर्न अस्वीकार, महाधिवेशनको निर्णय विपरीत ७० वर्षको उमेर पुगेकाले कार्यकारी पदमा जान नपाउने प्रावधानको स्वेच्छाचारी स्थगन तथा हालै यो प्रावधान र दुई पटकभन्दा बढी एउटै कार्यकारी पदमा रहन नपाउने व्यवस्थालाई उल्ट्याउने कार्यले पद, प्रतिष्ठा र सुविधा भोगको असीमित र अतृप्त भोक ओलीमा रहेको स्पष्ट हुन्छ । यस्तो भोक र मोहग्रस्त व्यक्तिबाट निस्वार्थ रूपमा देश र जनताको सर्वोपरि हित एवं पार्टीको सञ्चालन सिद्धान्त, नीति, विधि र फराकिलो सोचबाट हुने आशा गर्नु मृगमरीचिका मात्र ठहरिन्न र ?

**द्वन्द्ववाद र जबजको धज्जी**

बहस र छलफलबाट निष्कर्ष निकाल्ने पद्धति कम्युनिष्ट पार्टीको द्वन्द्ववादी सिद्धान्त अन्तर्गत पर्छ । फरक मतको सम्मान गरिने र पार्टी सदस्यहरू सार्वभौम भएको कुरा एमालेको विधानमै छ । तर एमालेमा विधान महाधिवेशनको सम्मुखमा पनि सर्वत्र चासोको विषयमा कुरा गर्न नपाउने 'कडा निर्देशन' महासचिवबाट दिइन्छ । जनसंगठनको भेलामा त्यसका इन्चार्जबाट धारणा राख्नेहरूलाई 'तारो बनाउने-नोटिसमा लिएको' धम्की दिइन्छ । विद्यादेवी भण्डारीको पक्ष नलिन आदेश दिइन्छ । अधिवेशनहरूमा उम्मेदवार बन्न दिइँदैन, केही माथिल्ला नेताद्वारा पदाधिकारी र कमिटी सदस्यहरूको नाम घोषणा गरिन्छ र टीका लगाई नेता बनाइन्छ ।

यस्तो प्रवृत्ति र व्यवहारले द्वन्द्ववाद र जबजको धज्जी उडाउने मात्र होइन नेपालको संविधानद्वारा प्रदत्त मौलिक हकको समेत हनन गर्छ । जबजले पार्टीको कुनै पनि नेता प्रतिस्पर्धा भन्दा माथि निरंकुश हुने कुराको विरोध गर्छ र नेताले प्रतिस्पर्धामा गएर कार्यकर्ताबाट अनुमोदित हुनुपर्ने मान्यतालाई आत्मसात् गर्छ । दाउपेच, जालझेल र सत्ता एवं धनको दुरुपयोग गरी सत्तामा टिकिरहने काम र कुरालाई अस्वीकार गर्छ । तर जबजको यस्तो मान्यता र मार्ग निर्देशनको विपरीतका कामकुरा ओलीबाट भइरहेका अनेक घटना र परिघटना सार्वजनिक भइसकेका छन् । जबजलाई 'हबज' (हतप्रभ बतासे जन्तर) बनाइँदैछ ।

साउन १ गते एमाले सचिवालयको बैठकमा 'अब धेरै लोभ नगर्नुहोस्, तपाईं छोड्नुहोस्' भनी दिइएको सुझावलाई ओलीद्वारा ठाडै अस्वीकार गरिएको मात्र होइन आफू विना एमाले 'चल्नै नसक्ने' भनिएको समाचार सार्वजनिक भएको छ । ओली आफैंले र 'झोलेहरू' ले 'ओली विनाको एमाले र एमाले विनाको नेपालको कल्पना नगरे हुन्छ' भनेको पनि सुनिएकै हो । यस्तो धारणा म नै राज्य हुँ, आदि र अन्त्य हुँ भन्ने किसिमको अस्वाभाविक र अहंकारपूर्ण होइन र ? त्यसो भए प्रकृतिको नियम अनुसार ओली नभए के एमालेको पनि अन्त्य हुनेछ त ? देशमा एमाले छिन्नभिन्न भए नेपाल रहने छैन त ? के नेपालको सिर्जना एमालेले गरेको हो त ?

आफूलाई विधि र नियम भन्दा माथि राख्ने, अरूको अस्तित्व स्वीकार नगर्ने, फरक मत र नेतृत्वको विकासलाई निषेध गर्न स्वच्छ प्रतिस्पर्धाबाट नेतृत्वको विकास हुन नदिने, जसरी पनि जोसँग पनि जहिले सुकै साँठगाँठ गरेर सत्ता र पद हत्याउने, आफ्नो निहित स्वार्थलाई नै देश, जनता र पार्टीको स्वार्थको रूपमा परिभाषित गर्न असजिलो नमान्ने काम, कुरा र प्रवृत्तिले मार्क्सवाद, द्वन्द्ववाद र जबजको धज्जी उडाउँछ । यस्तो प्रवृत्ति, कार्यशैली र व्यवहार लाई नतमस्तक भएर स्वीकार्नु पार्टी र आफैंलाई देश र जनताप्रति समर्पित गर्नुको साटो कसैको व्यक्तिगत महत्वाकांक्षा, स्वार्थ र अहंकारको पृष्ठपोषण गरेको ठहर्छ ।

*(साभार: अनलाइनखबर)*

# ओलीवादको घेराभित्र भण्डारीको चुनौती

दीपक रिजाल

नेपालका कम्युनिस्ट पार्टीहरूका थालनीकालीन उद्देश्य वर्ग संघर्ष, सर्वहारा सशक्तीकरण र पूँजीवादी शोषणको अन्त्य थियो । तर, समयक्रममा यिनै उद्देश्यहरू छायामा परे । अब पार्टीभित्र मिसन होइन, म्यान प्रधान बन्यो । 'पार्टी त म हुँ' भन्ने मानसिकताले ग्रस्त नेताहरूले आफ्नो वरिपरि यस्तो घेरा बनाएका छन्, जहाँ सचेत कार्यकर्ता होइन, ताली बजाउने भक्तहरू मात्र बाक्लिन्छन् । यसले संगठनको आधारभूत संरचना नै ध्वस्त बनाइदिन्छ ।कम्युनिस्ट दर्शनमा पार्टी विचारप्रधान हुन्छ, व्यक्ति होइन । सिद्धान्त र वर्ग-संघर्षमार्फत समाज रूपान्तरण गर्ने दाबी गर्ने कम्युनिस्ट पार्टीहरूमा विडम्बनापूर्णरूपमा व्यक्तिपूजाको संस्कृति मौलाउँदै गएको देखिन्छ । त्यो पनि नेपाली सन्दर्भमा मात्र होइन, छिमेकी मुलुकहरूमा समेत ।

अहिलेको चीनमा राष्ट्रपति सी जिनफिङको 'विचार' संविधानमै अंकित गरिएको छ भने, नेपालमा नेकपा एमाले र माओवादी केन्द्रका दुई शीर्ष नेता केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड' लाई कुनै विकल्प नै नरहेको जस्तो बनाइएको छ । ओली र प्रचण्ड दुवैको वरिपरि त्यस्ता पात्रहरूको भीड छ, जो आलोचना गर्न सक्दैनन्, सुझाव दिन सक्दैनन्, केवल आदेश पालना गर्छन् । परिणामस्वरूप पार्टी नेतामुखी होइन, 'नेतामात्र मुखी' बनेको छ । तर इतिहासले देखाएको छ । जब व्यक्तिपूजा चरममा पुग्छ, विचारको हत्या हुन्छ । अहिले त्यही कुरा नेपाली कम्युनिस्ट राजनीतिले भोग्दै छ । ओली र प्रचण्डको सत्ताकामना यति चरम पुगेको छ कि अब आफ्ना 'पूर्वसाथी' वा 'पार्टीको पुराना स्तम्भ' पनि खलनायक हुन थालेका छन् । पछिल्लो घटनाक्रम हेर्ने हो भने, नेकपा एमालेभित्र पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको पुन: प्रवेशलाई लिएर देखिएको छटपटाहट, अराजनीतिक चरित्र हत्याको प्रयास र लाञ्छनाले त्यो यथार्थलाई अझ प्रमाणित गर्छ ।

विद्या भण्डारीले राजनीतिमा पुन: सक्रिय हुने घोषणा गरेपछि नेकपा एमालेभित्र अघोषित भुइँचालो आएको छ । यिनै विद्या भण्डारी एक समय ओलीको राजनीतिक अभिन्न अंग थिइन् । राष्ट्रपति पदमा रहँदा उनले प्रधानमन्त्री ओलीको पक्षमा अनेकन निर्णयहरू गरिन्, संसद् विघटनदेखि मन्त्रिपरिषद् विस्तारसम्म । पार्टीभित्र 'ओली + विद्या = शक्ति सन्तुलन' भन्ने धारणा थियो । कार्यकर्तामाझ भण्डारीप्रति गहिरो सम्मान थियो । उनलाई पार्टीकी कर्मठ, बलियो महिला नेतृका रूपमा हेर्ने गरिन्थ्यो । तर आज त्यही महिला नेतृ पार्टी राजनीतिमा पुन: फर्किने संकेत गरेपछि उनीमाथि लाञ्छना, हमला र चरित्र हत्या हुँदै छ । किन ? किनभने ओलीलाई अब भण्डारी टाउको दुखाइको पात्र भएकी छिन् ।

**ओलीवादको नयाँ मोडेल**

कम्युनिस्ट पार्टी विचारले चल्ने भनिए पनि अहिले नेकपा एमाले ओलीको 'व्यक्तिगत पार्टी' बन्न पुगेको छ । ओलीलाई 'अप्रतिस्पर्धी नेता' बनाउने, उनको विकल्प खोज्नेलाई 'देशद्रोही' ठहर गर्ने र नेतृत्वमा ओलीबाहेक कोही हुनै नसक्ने भाष्य निर्माण गरिएको छ । महासचिव शंकर पोखरेल, उपाध्यक्ष युवराज ज्ञवाली, विष्णु पौडेलजस्ता प्रभावशाली नेताहरूसमेत ओलीको छायामा सीमित छन् । पार्टीमा विचारको बहस सट्टा 'ओलीवाद' जप्ने एकल सन्देश मात्र बाँकी रह्यो । यही सन्दर्भमा भण्डारीको पुनरागमनले ओलीको एकछत्र सत्तालाई चुनौती दिने डर पैदा भयो । पुष्पकमल दाहाल (प्रचण्ड) र केपी शर्मा ओली । यी दुई फरक पार्टीका नेता भए पनि प्रवृत्तिमा यिनमा असाध्यै मिल्दोजुल्दो छ । दुवैजना आफू बाँचुन्जेल कुनै पनि विकल्प स्वीकार्न तयार छैनन् । माओवादी केन्द्रमा अहिले पनि 'प्रचण्डपन्थी' हैसियत कायम छ र विकल्प उठाउने कार्यकर्तालाई संगठनमै अपमानित गर्ने प्रवृत्ति हाबी छ ।

प्रचण्डले आफू 'गुरु' हो, अरू कार्यकर्ता 'गधा' हुन् भन्ने शैलीमा राजनीति चलाउँदै आएका छन् । उनलाई चुनौती दिने नेताहरू चाहे नारायणकाजी श्रेष्ठ हुन् वा जनार्दन शर्मा हुन्, उनीहरुको राजनीतिक उचाइ जानाजान थिचिएको छ । अहिले प्रचण्डपथले माओवादीलाई भित्रभित्रै सिध्याउँदै छ । तर प्रचण्डको दम्भ भने कहीं कतै घटेको देखिंदैन । यसले के नेकपा माओवादीलाई फाइदा पुऱ्याएको छ त ? यो कुनै पनि नेताले सार्वजनिकरुपमा बहस गर्न सक्ने अवस्था देखिँदैन । विद्या भण्डारीको राजनीति प्रवेशसँगै ओलीवादी वर्चश्वमा दरार आउन थालेको छ । पूर्वराष्ट्रपति भण्डारीको सक्रियता ओलीका लागि 'नयाँ शत्रु' बन्न पुगेको छ । शंकर पोखरेललगायत नेताहरू प्रयोग गरेर उनीमाथि टिप्पणी गरिनु, उनको अघिल्लो भूमिका झिकेर आलोचना गर्नु र उनलाई 'राजनीति अयोग्य' ठहर गर्ने प्रयास गर्नु, यिनै कुराले स्पष्ट गर्छ । नेकपा एमालेभित्र अब ओलीबाहेक कोही पनि नेता बन्न सक्दैन भन्ने चिन्ताजनक धारणाले जरा गाडिसकेको छ ।

भण्डारीका बारेमा सामाजिक सञ्जालदेखि नेताका सार्वजनिक भनाइसम्ममा देखिएको चरित्र हत्या अभियान, उनीमाथि गरिएको मानसिक हमला र पार्टीभित्रै उनको वर्चश्व खलबल्याउने चलखेल ओलीको डर र असहिष्णुता देखाउने प्रमाण हो । के महिला नेतृको राजनीति प्रवेश आपराध हो ? भण्डारीमाथि उठाइएको प्रमुख प्रश्न यही हो । के एक महिला, त्यो पनि पार्टीको पूर्वसांसद, पूर्वमन्त्री, पूर्वउपाध्यक्ष र पूर्वराष्ट्रपति रहिसकेकी नेतृले राजनीति गर्नुहुँदैन ? यदि राजनीतिमा फर्किन्छु भनिन् भने किन उनलाई दुश्मनजस्तो व्यवहार गरिन्छ ?

यो प्रश्न मात्र भण्डारीको होइन । समग्र महिला नेतृत्वको हो । पुरुष नेताहरूले जीवनभर राजनीति गर्न सक्छन् तर महिला नेतृ राजनीतिमा फर्किंदा 'सत्ताको लोभी' ठहरिनुपर्छ ? यस्ता भेदभावपूर्ण रवैया स्वयं एमालेको लोकतान्त्रिक चरित्रमाथि प्रश्न उठाउने विषय हो । ओलीको सत्तामोह र देशभित्र चर्किंदै गएको असन्तोषले सीमा नाघ्न लागेको छ । ओली नेतृत्वको एकछत्रवादी व्यवहारले पार्टीभित्र असन्तोष चुलिंदै गएको छ । केन्द्रीय समिति, स्थायी समिति वा पोलिटब्युरो कतै पनि बहस हुँदैन । निर्णय 'ओली भन्छन्' मा सीमित छ । कार्यकर्ताको भूमिका 'ताली बजाउने' सम्म घटाइएको छ । तर पछिल्लो समय पार्टीभित्र असहमतिका स्वरहरु गुन्जन थालेका छन् । जिल्लास्तरका नेताहरू, युवा कार्यकर्ता र सिभिल सोसाइटी ओलीवादप्रति असन्तुष्ट देखिँदै गएका छन् । यस्तै बेला भण्डारीको सक्रियताले ओलीको रणनीतिमा दरार ल्याइदिएको हो ।

च्यासल भेटवार्तालाई कार्यकर्ताहरुले 'मीठो तर नुन नहालेको तरकारी' जस्तो भएको टिप्पणी गर्न थालेका छन् । ओली र भण्डारीबीच भएको पछिल्लो भेटवार्तालाई कतिपयले 'पार्टी एकताको प्रयास' मानेका छन् भने केहीले 'संघर्ष टार्ने रणनीति' । तर यथार्थमा यो भेट 'मीठो तर नुन नहालेको तरकारी' बन्यो । हाँसो त आयो, तर स्वाद आएन । यो भेटपछि पार्टीभित्र 'भण्डारीले ओलीलाई चुनौती नदिने' जस्तो सन्देश दिन खोजिएको भए पनि ओलीका निकट नेताहरूको व्यवहारले उल्टो सन्देश दिएको छ । उनको सक्रियता रोक्न चरित्र हत्या अभियान फेरि चर्किएको छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# शिक्षकका माग कति सम्बोधन भए, कति बाँकी छन् ?



काठमाडौं/नेपाल शिक्षक महासंघले विद्यालय शिक्षा विधेयक जारी गर्न २१ साउनसम्मको अल्टिमेटम दिएको छ । २० चैतदेखि २९ दिन लामो शैक्षिक आन्दोलन गरेपछि शिक्षक महासंघसँग १५ असारभित्र ऐन जारी गर्ने सहमति भएको थियो । सहमतिअनुसार ऐन जारी नभएपछि महासंघले अल्टिमेटम दिएको हो । सो समयसम्म ऐन जारी नभए आन्दोलन गर्ने चेतावनी महासंघले दिएको छ ।

उता प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा गत २२ असारमा विधेयक पास गर्ने तयारी थियो । तर कांग्रेसका प्रमुख सचेतक श्याम घिमिरेले शिक्षक महासंघको तर्फबाट फरक प्रस्ताव ल्याएपछि शिक्षामन्त्री रघुजी पन्तले महासंघसँग छलफल गर्न समय मागेका थिए । समितिले अहिलेसम्म भएका सहमति लक भएको बताउँदै महासंघसँग छलफल गर्न मन्त्री पन्तलाई समय दिएको थियो । तर विद्यालय शिक्षा विधेयक रोकेर समितिले मिडिया काउन्सिल विधेयकमाथि छलफल सुरु गरेको छ ।

'सरकारको कारण विद्यालय शिक्षा विधेयक रोकियो,' समिति सभापति अम्मरबहादुर थापाले भने । शिक्षक महासंघले २०७५, २०७८, २०८० र २०८१/०८२ मा सडक आन्दोलन गऱ्यो । पटकपटक सरकारले महासंघसँग सहमति गऱ्यो । महासंघसँग सहमतिअनुसार कति विधेयकमा समेटिए ? कति सरकारले सम्बोधन गऱ्यो ? कति माग सम्बोधन गर्न बाँकी छ ? विद्यालय शिक्षा विधेयक, संसदीय उपसमितिको प्रतिवेदन, सरकारको प्रस्ताव र निर्णयलाई केलाएका छौं ।

**शिक्षामा बजेट**

शिक्षा सुधारको लागि शिक्षक महासंघले शिक्षाको बजेट २० प्रतिशत हुनुपर्ने माग उठाउँदै आएको छ । तर सरकारले यसपटक कूल बजेटको १०.७५ प्रतिशत मात्र शिक्षाको लागि छुट्याएको छ । सरकारले क्रमश: बढाउँदै लैजाने प्रतिबद्धता जनाएको छ ।

**माध्यमिक शिक्षा नि:शुल्क हुनुपर्ने**

महासंघले माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क हुनुपर्ने माग राखेको छ । संविधान र अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन २०७५ ले पनि माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क भनेको छ । तर पूर्ण रूपमा नि:शुल्क हुन सकेको छैन । सरकारले नै विभिन्न शीर्षकमा विद्यार्थीबाट शुल्क उठाइरहेको छ । यद्यपि, सरकारले सामुदायिक विद्यालयमा नि:शुल्क भएको र अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन तथा नियमावली स्वीकृत भएको जनाएको छ । शिक्षा मन्त्रालयले अनिवार्य तथा नि:शुल्क शिक्षा कार्य योजना स्वीकृत गरेर बजेटको व्यवस्था गरेको दाबी गरेको छ ।

**पाठ्यक्रम विकासको अधिकार संघमा हुनुपर्ने**

शिक्षकहरूले विद्यालयको पाठ्यक्रम विकासको अधिकार संघमा हुनुपर्ने माग राखेका छन् । शिक्षा मन्त्रालयको प्रतिवेदनअनुसार विद्यालयको पाठ्यक्रम विकासको अधिकार संघमा नै रहेको छ । तर स्थानीय विषयको पाठ्यक्रम, राष्ट्रिय पाठ्यक्रम प्रारूपको अधिनमा रही स्थानीय सरकारले निर्माण गर्नसक्ने व्यवस्था पनि छ ।

**नेपाल शिक्षक महासंघ रहनुपर्ने**

शिक्षक महासंघले आधिकारिक ट्रेड युनियनको रूपमा नेपाल शिक्षक महासंघ रहनुपर्ने भनेको छ । विद्यालय शिक्षा विधेयकको दफा १५३ मा मा शिक्षक महासंघ राखिएको छ ।

**शिक्षण काउन्सिल र जिल्ला शिक्षा कार्यालय हुनुपर्ने**

शिक्षक महासंघले शिक्षक काउन्सिल र जिल्ला शिक्षा कार्यालय हुनुपर्ने माग राखेको छ । शिक्षण काउन्सिलले गर्ने काम शिक्षक सेवा आयोगबाट हुने मन्त्रालयले जनाएको छ । त्यसैगरी शिक्षा विकास तथा समन्वय इकाइको नाम परिवर्तन गरी जिल्ला शिक्षा कार्यालय हुनुपर्ने माग महासंघको छ । विद्यालय शिक्षा विधेयकमा शिक्षा कार्यालय रहने गरी प्रस्ताव गरिएको थियो । तर संसदीय उपसमितिले सो दफा हटाएको छ । समितिमा शिक्षा विकास तथा समन्वय इकाइ नै राख्ने सहमति जुटेको छ ।

**शिक्षकको सरुवा**

शिक्षकको सरुवा विद्यालय व्यवस्थापन समिति र स्थानीय तहको सिफारिसमा शिक्षा विकास तथा समन्वय इकाइमार्फत हुनुपर्ने माग शिक्षकहरूको छ । हाल स्थानीय तहभित्र स्थानीय तह आफैंले सरुवा गर्नसक्ने र अन्तर स्थानीय तह सरुवा गर्दा दुवै स्थानीय तहको सिफारिसमा गर्ने प्रबन्ध विधेयको दफा ६० मा राखिएको छ । अवधि २ वर्ष, ५ वर्ष र ७ वर्ष नपुगी सरुवा गर्न नपाइने प्रावधान राखिएको छ । अन्तर स्थानीय तहबीच सरुवा लिने/छाड्ने स्थानीय तहको सहमतिमा गर्ने प्रस्ताव गरिएको छ । तर सरुवाको अवधि र स्थानीय तहले गर्ने विषयमा शिक्षक महासंघले असन्तुष्टि जनाएको छ । शिक्षक सरुवाको अधिकार स्थानीय तहलाई मात्र दिन नहुने माग शिक्षक महासंघको छ ।

त्यसैगरी स्थानीय तहहरूले गरिरहेको पूर्वाग्रही शिक्षक सरुवा रोक्नुपर्ने माग महासंघको छ । कानुनको परिधि बाहिर रहेर सरुवा नगर्न स्थानीय तहहरूलाई परिपत्र गरिएको मन्त्रालयले जनाएको छ । शिक्षक महासंघले सरुवाको अधिकार प्रदेशलाई दिनुपर्ने माग गरिरहेको छ ।

**अविभावकबाट विद्यालय व्यवस्थापन समिति**

विद्यालय व्यवस्थापन समिति गठनमा एकरूपता र अविभावकबाट नै बन्नुपर्ने माग महासंघले राखेको छ । महासंघको मागअनुसार नै विधेयकमा राखिएको मन्त्रालयले जनाएको छ ।

**राष्ट्रिय शिक्षा आयोग र शिक्षक सेवा आयोग**

शिक्षक महासंघले संवैधानिक राष्ट्रिय शिक्षा आयोगको माग गरेको छ । शिक्षा मन्त्रालयका अनुसार शिक्षामा गरिने सुधारका लागि सिफारिस गर्न समयसमयमा सरकारले अधिकारसम्पन्न राष्ट्रिय शिक्षा आयोगको गठन गर्दै आइरहेको छ । त्यसैगरी महासंघले संवैधानिक शिक्षक सेवा आयोगको माग गरेको छ । स्वायत्त र स्वतन्त्र शिक्षक सेवा आयोगको प्रबन्ध विधेयकको दफा १११ मा राखिएको छ ।

**विद्यालय शिक्षाको अधिकार तीन तहको साझा**

शिक्षक महासंघले उठाएका मागमध्ये सबैभन्दा पेचिलो बनेको विषय हो, विद्यालय शिक्षाको अधिकार तीन तहको सरकारको हुने । संविधानको अनुसूची ८ मा विद्यालय तहको अधिकार स्थानीय तहलाई दिएको छ । तर महासंघ सबै अधिकार स्थानीय तहलाई दिन नहुने पक्षमा छ । शिक्षकहरू स्थानीय तहमा बस्न चाहेका छैनन् । शिक्षकले भनेजसरी सम्बोधन गर्ने हो भने संविधान नै संशोधन गर्नुपर्ने हुन्छ ।

महासंघले सबै प्रदेश र स्थानीय तहले बनाउने शिक्षा ऐनमा एकरूपता हुनुपर्ने माग गरेको छ । स्थानीयले जथाभावी बनाइरहेको ऐन रोक्नुपर्ने महासंघको माग छ । प्रदेश र स्थानीय तहले बनाउने शिक्षा ऐनमा एकरुपता बनाउने उद्देश्यबाट नै संघीय शिक्षा ऐन जारी गर्न लागिएको शिक्षा मन्त्रालयको भनाइ छ ।

**ईसीडी र कर्मचारी**

बालविकास (ईसीडी) शिक्षक र कर्मचारीको लागि उचित तलबको माग महासंघले गरेको छ । महासंघको माग दरबन्दी कायम गर्ने र आन्तरिक प्रतिस्पर्धाबाट स्थायी गर्ने रहेको छ । शिक्षा समितिमा ईसीडी विद्यालय संरचनाभित्र राख्ने र २ वर्षको हुने सहमति जुटेको छ । तर ईसीडीमा कार्यरतलाई शिक्षक भन्ने वा नभन्नेमा सहमति जुटेको छैन । तलब भत्ताको विषय स्थानीय कानुनमा व्यवस्था गरिने शिक्षा मन्त्रालयको भनाइ छ ।

**दरबन्दी मिलान**

दरबन्दी मिलानको कार्य व्यवस्थित बनाउनुपर्ने माग महासंघले राखेको छ । विद्यार्थी शिक्षक अनुपातअनुसार कायम भएकाभन्दा बढी दरबन्दी आवश्यक भएको जिल्लामा पठाउने काम भइरहेको मन्त्रालयले जनाएको छ । दरबन्दी मिलान व्यवस्थित गर्ने विषय विधेयकको दफा ४३ मा रखिएको छ ।

**अस्थायी प्रकृतिका शिक्षकको व्यवस्थापन**

अस्थायी प्रकृतिका शिक्षकलाई दरबन्दीमा परिणत गरी उमेर हद नलाग्ने गरी आन्तरिक तथा खुला प्रतिस्पर्धाद्वारा पदपूर्ति गर्नुपर्ने माग महासंघको छ । जसमा सुरुमा विधेयकमा ५० प्रतिशत आन्तरिक र ५० प्रशिशत खुला गर्ने राखिएको थियो । यसमा शिक्षक महासंघले विरोध जनाएको छ । त्यसपछि संसदीय उपसमितिले ६० प्रतिशत आन्तरिक र ४० प्रतिशत खुला गर्ने प्रस्ताव गरेको छ । एक पटकलाई उमेर हद नलगाउने भनिएको छ । तर शिक्षक महासंघले ७५ प्रतिशत आन्तरिक र २५ प्रतिशत खुला हुनुपर्ने अडान राखेको छ । यसमा सहमति जुटेको छैन ।

**शिक्षक बढुवा**

स्थायी शिक्षकको लागि १० वर्षमा एक तहको बढुवा र बढुवाको अनुपात ६०:२५:१०:५ हुनुपर्ने माग महासंघको छ । उपसमितिले सहमति गरेर कार्यसम्पादन र जेष्ठताको आधारमा आवधिक बढुवा हुने भनेको छ ।

कार्यसम्पादनमा ९० प्रतिशत ल्याउनुपर्ने प्रस्ताव उपसमितिले गरेको छ । र, शिक्षक अनुपात १८:६:१ र हरेक प्रदेशमा माध्यमिक तहमा प्रतिप्रदेश २ जना विशिष्ट श्रेणीको हुने प्रस्ताव गरिएको छ । द्वतीय श्रेणीमा १२ र प्रथम श्रेणीमा १५ वर्षमा बढुवा हुने प्रावधान राखिएको छ ।

लगातर १५ वर्षसम्म बढुवा नभएका अवकाश हुनु अगाडि एकतह स्वत: बढुवा हुने भनिएको छ । तर समय अवधि दर बन्दी अनुपात र ९० प्रतिशत अंकमा महासंघले सहमति जनाएको छैन । विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन स्तरसँग जोड्नुपर्ने माग महासंघको छ । मन्त्रालयले विधेयकको दफा ६६ मा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन प्रक्रियामा विद्यार्थी सिकाइ उपलब्धिलाई आवद्ध गरिएको जनाएको छ ।

**बढुवाको लागि अस्थायी सेवा गणना गर्ने**

महासंघले स्थायी शिक्षकको पेन्सन र बढुवाका लागि अस्थायी सेवा गणना गर्नुपर्ने माग राखेको छ । जसमा पेन्सन प्रयोजनको लागि नपुग हुने अवधि बढीमा ७ वर्षसम्म अस्थायी सेवा गणना हुनसक्ने र २०७५ मा स्थायी हुनेहरूको लागि भने पेन्सन प्रयोजनको लागि नपुग अस्थायी अवधि गणना हुने व्यवस्था विधेयकमा राखिएको छ । तर शिक्षक महासंघले आवश्यक परे अस्थायी अवधि सबै जोड्नुपर्ने भनिरहेको छ । त्यसैगरी विद्यालय कर्मचारीको दरबन्दी कायम गर्ने, आन्तरिक प्रतिस्पर्धाबाट स्थायी गर्ने र उमेर हद पार गरेकालाई एकमुष्ट अनुदान प्रदान गर्नुपर्ने माग महासंघको छ ।

राष्ट्रिय मापदण्डको अधिनमा रही स्थानीय कानुनमा व्यवस्था गरी स्थानीय सरकारले विद्यालय कर्मचारीको व्यवस्थापन गर्ने विषय र उमेर हद पार गरेकाहरूलाई एकमुष्ट अनुदान प्रदान गर्ने व्यवस्था विधयेकको दफा १०८ र १०९ मा रखिएको छ ।

**निजी विद्यालयका शिक्षक-कर्मचारी**

महासंघले संस्थागत विद्यालयका शिक्षकलाई सामुदायिक विद्यालयका शिक्षक सरह तलब सुविधाको माग गरेको छ । संस्थागत विद्यालयका शिक्षक कर्मचारी तथा निजी स्रोतका शिक्षकका लागि सामाजिक सुरक्षा कोषको व्यवस्था हुनुपर्ने माग पनि छ । विधेयकमा संस्थागत विद्यालयका शिक्षकलाई र ाष्ट्रिय मापदण्डको अधिनमा रही व्यवस्था गर्ने विधेयकको दफा १४८ मा समावेश गरिएको छ । संस्थागत विद्यालयका शिक्षक कर्मचारी तथा निजी स्रोतका शिक्षकको लागि सामाजिक सुरक्षा कोषको व्यवस्था विधेयकको दफा १५२ मा राखिएको छ ।

**शिक्षकको प्राविधिक ग्रेडको व्यवस्था**

शिक्षक महासंघले प्राविधिक ग्रेडको माग गरेको छ । शिक्षा मन्त्रालयका अनुसार प्राविधिक ग्रेडको विषय ऐनमा राख्नु नपर्ने हो ।

**शिक्षक अस्पतालको स्थापना**

शिक्षक अस्पतालको माग शिक्षकहरूले गरेका छन् । मन्त्रालयका अनुसार शिक्षक अस्पतालको स्थापना गर्ने निर्णय सरकारले गरेको छ । अस्पातल निर्माण नहुँदासम्म निजामती अस्पतालमा शिक्षक तथा कर्मचारीको उपचार गर्ने सरकारले निर्णय गरेको छ । गत १७ वैशाखको मन्त्रिपरिषद्ले उक्त निर्णय गरेको हो ।

**पेन्सन पट्टा जिल्लाबाट**

शिक्षक महासंघले शिक्षकको पेन्सन पट्टा जिल्लाबाट नै हुनुपर्ने माग राखेको छ । शिक्षा मन्त्रालयले शिक्षकको पेन्सन पट्टाको नविकरण प्रदेशबाट गर्नेगरी आवश्यक तयारीका काम अगाडि बढाएको जनाएको छ । शिक्षक किताब खानामा कर्मचारीको संख्या दोब्बर बनाउन महासंघले भनेको छ । मन्त्रालयका अनुसार आवश्यक संख्यामा कर्मचारी व्यवस्था गरिएको छ ।

**निजामती सेवासरह तलब**

महासंघले निजामती सेवासरह तलब तथा ग्रेड व्यवस्था र एक वर्ष पूरा भएपछि ग्रेड पाउने व्यवस्थाको माग गरेको छ । मन्त्रालयले निजामती सेवासरह तलब तथा ग्रेड व्यवस्था भएको र एक वर्ष पूरा भएपछि ग्रेड पाउने व्यवस्था विधयेकको दफा ५३ मा राखिएको छ ।

**प्रधानाध्यापकको परीक्षा**

शिक्षक सेवा आयोग मार्फत प्रधानाध्यापकको परीक्षा र २५ प्रतिशत थप तलब व्यवस्थाको माग महासंघले गरेको छ । शिक्षक सेवा आयोगले प्रदेश तहमा सूचीकृत गरेको सूचीबाट स्थानीय तहले प्रधानाध्यापक व्यवस्था गर्नसक्ने गरी विधेयकमा व्यवस्था गरिएको छ ।

**शिक्षकको समायोजन**

निमावि द्वितीय र प्रावि द्वितीय शिक्षकको समायोजनको माग महासंघले गरेको छ । मन्त्रालयले सरकारले तोकेबमोजिम नियमावली मार्फत व्यवस्था गर्नेगरी गृहकार्य भइरहेको जनाएको छ ।

**शिक्षक मर्यादाक्रम**

मन्त्रिपरिषद्को १७ वैशाखको निर्णयबाट शिक्षक मर्यादा कायम गर्ने निर्णय भएको छ ।

**सञ्चालनमा नरहेका विद्यालयको सम्पत्ति**

सञ्चालनमा नरहेका विद्यालयको सम्पत्ति शैक्षिक कार्यमा उपयोग गर्नुपर्ने माग महासंघको छ । शिक्षा मन्त्रालयका अनुसार सोको लागि सबै स्थानीय तहलाई परिपत्र गरिसकिएको छ ।

**द्वन्द्वपीडित शिक्षक**

द्वन्द्वपीडित शिक्षकको समस्या हल गर्न छानबिन समितिले दिएको सुझाव कार्यान्वयन गर्न महासंघले भनेको छ । छानबिन समितिले दिएको सुझावअनुसार सुविधा र पुनर्बहालीका सम्बन्धमा सरकारले निर्णय गरी सोही बमोजिमको सुविधा प्रदान गरिएको मन्त्रालयले जनाएको छ । सम्बोधन हुन बाँकी रहेकाको हकमा विधेयकको दफा १०६ मा व्यवस्था गरिएको मन्त्रालयले जनाएको छ ।

**प्रसूती बिदा ६ महिना र सट्टा शिक्षकको व्यवस्था**

प्रसूति बिदा अन्य सेवाका कर्मचारीहरू सरह गर्ने र सो व्यवस्था नियमावलीमा राख्ने मन्त्रालयले जनाएको छ ।

**एकै प्रकारको शिक्षक**

शिक्षक महासंघले देशैभर एक प्रकारको सेवासर्त अनुसारको शिक्षकको प्रबन्ध गर्न माग गरेको छ । विधेयकमा स्थायी बाहेक अन्य शिक्षकको प्रबन्ध गरिएको छैन । श्रीमान्-श्रीमती शिक्षण पेसामा भए निवृत्तिभरण पाउने व्यवस्था पनि भएको मन्त्रालयले जनाएको छ । त्यसैगरी मन्त्रालयका अनुसार गाभिएका विद्यालयका कर्मचारीको सम्बन्धमा स्थानीय सरकारले आवश्यकताअनुसार गर्न सक्नेछ ।

**शिक्षक महासंघका पदाधिकारीलाई काजमा राख्ने**

शिक्षक महासंघले महासंघका ४ जना पदाधिकारीलाई काजमा राख्नुपर्ने माग गरेको छ । शिक्षक महासंघका २ जना पदाधिकारीलाई काजमा राख्ने व्यवस्था हालको नियमावलीमा भएको मन्त्रालयले जनाएको छ ।

**शिक्षक आचारसंहिता**

विधेयकको दफा ७१-८३ मा शिक्षक आचारसंहिता व्यवस्था गरिएको छ ।

**विद्यालयलाई उत्कृष्ट सिकाइ केन्द्र बनाउने**

मन्त्रालयका अनुसार कार्यसम्पादनमा आधारित अनुदानको व्यवस्था गरी राम्रा कार्यसम्पादन गर्ने विद्यालयहरूलाई उत्कृष्ट सिकाइ केन्द्रको रूपमा विकास गर्ने काम भइरहको छ ।

**शिक्षकलाई दुर्गम भत्ताको व्यवस्था**

अन्य सेवाअनुसार हाल व्यवस्था भइरहेको मन्त्रालयले जनाएको छ । त्यसैगरी शिक्षकको सेवा प्रवेशको अधिकतम अवधि ४० वर्ष कायम गर्नुपर्ने माग महासंघको छ । सो व्यवस्था विधेयकको दफा ५० मा राखिएको छ ।

**शिक्षक अविभावक संघ**

मन्त्रालयका अनुसार शिक्षक अभिभावक संघ नियमावलीमा व्यवस्था गरिनेछ ।

**शिक्षक कर्मचारीको तालिम**

विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको तालिम तथा क्षमता अभिवृद्धि विधेयकको दफा १५१ मा रखिएको छ । प्रदेश शिक्षा तालिम केन्द्रलाई शिक्षक प्रशिक्षण एकेडेमी बनाउने विषय उपसमितिको प्रतिवेदनमा आएको छ ।

**९ बुँदे सहमति कार्यन्वयनमा**

शिक्षक महासंघसँग भएका सहमतिअनुसार धेरै विषय विधेयकमा आएको मन्त्रालयको दाबी छ । २०७५ देखि २०८१ सम्म भएको सम्झौता कार्यान्वयनमा आवधिक बढुवा बहेक अरू विषयमा सहमति जुटेको दाबी मन्त्रालयको छ । गत चैत २० देखि २९ दिन चलेको शिक्षकको आन्दोलनले १७ वैशाखमा ९ बुँदे सहमति भएको थियो । उक्त सहमति पनि कार्यान्वयनमा गएको शिक्षा मन्त्रालयको दाबी छ ।

*(स्रोत: अनलाइनखबर)*

# चितवन राष्ट्रिय निकुञ्ज घुम्ने पर्यटक २५ प्रतिशत घटे

साझाकुरा संवाददाता

हेटौंडा, ६ साउन/ चितवन राष्ट्रिय निकुञ्जमा घुम्ने पर्यटकको संख्या २५ प्रतिशतले घटेको छ । गतवर्षको तुलनामा झन्डै २५ प्रतिशत पर्यटक घटेको चितवन राष्ट्रिय निकुञ्जले जानकारी दिएको छ ।

निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरका अनुसार आर्थिक वर्ष २०८०/८१ को तुलनामा गत आर्थिक वर्ष २०८१/८२ मा ७५ हजार पाँचसय आठजना निकुञ्ज घुम्ने पर्यटकको संख्यामा कमी आएको हो । आर्थिक वर्ष २०८०/८१ मा चितवन राष्ट्रिय निकुञ्जमा तीन लाख ६ हजार आठसय ३७ जना पर्यटकले निकुञ्ज घुमेका थिए । गत आर्थिक वर्षमा जम्मा दुईलाख ३१ हजार तीनसय २९ जना पर्यटक निकुञ्ज प्रवेश गरेको सूचनाअधिकारी थापामगरले जानकारी दिएका छन् । त्यसमध्ये एक लाख १७ हजार दुईसय ६ जना स्वदेशी पर्यटक थिए ।

निकुञ्ज प्रवेश गर्नेमा महिलाको संख्याभन्दा पुरुषको संख्या बढी छ । यस्तै दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) राष्ट्रका २४ हजार आठसय र सार्कबाहेकका देशबाट ८९ हजार तीनसय २३ जनाले निकुञ्ज घुमको निकुञ्ज कार्यालयको तथ्यांकमा उल्लेख छ । चितवन निकुञ्ज घुम्न कात्तिकमा सबैभन्दा धेरै पर्यटक आएका छन् । यो महिनामा ३२ हजार दुईसय ५२ जना निकुञ्ज घुम्न आएका थिए । सबैभन्दा कम साउनमा सात हजार तीनसय नौ जनाले निकुञ्ज घुमेका छन् । सडक पूर्वाधारलगायतका कारणले गत आर्थिक वर्षमा पर्यटकको संख्यामा कमी आएको थापामगरले बताए । उनले यस आर्थिक वर्षमा पर्यटकको संख्या बढ्ने अपेक्षा गरिएको बताए ।

रेष्टुरेन्ट एण्ड बार एसोसिएसन (रेवान) सौराहाका अध्यक्ष ध्रुव गिरीले चितवन निकुञ्ज घुम्न आउने पर्यटकको संख्यामा कमी आएको भन्दै यसले सौराहाको पर्यटन व्यवसायमा ठूलो असर पारेको गुनासो गरे । उनले अन्तर्राष्ट्रिय विमानस्थलमा केही समय भएको रात्रिकालीन उडान बन्द, मुख्य सहरसँग चितवन जोड्ने सडकको अवस्था नराम्रो भएका कारण यहाँ आउने पर्यटकको संख्यामा कमिआएको बताए । विमानस्थल र मुख्य राजमार्ग सुधार गर्नसके मात्र पर्यटकको संख्या बढाउन सकिने गिरीको धारणा छ ।

# नेपाल इकारातको ब्यापारमा गिरावट

साझाकुरा संवाददाता

हेटौंडा, ६ साउन/ निक ब्रान्डको अन्तर्राष्ट्रिय गुणस्तरको ट्रान्सफर्मर उत्पादन गर्ने नेपाल एकरात इन्जिनियरिङ कम्पनी प्रालिको व्यापार २५.७० प्रतिशतले घटेको छ । कम्पनीको व्यापार सन् २०२३ को तुलनामा सन् २०२४ मा २५.७० प्रतिशतले घटेको हो ।

सन् २०२४ मा १ अर्ब ८३ करोडको व्यापार गरेको कम्पनीले २०२३ मा २ अर्ब ४६ करोड ३० लाख, २०२२ मा १ अर्ब ४४ करोड ७० लाख र सन् २०२१ मा ५५ करोड ९० लाख रुपैयाँको व्यापार गरेको थियो । कम्पनीले वार्षिक १०० केभीएको १८ हजार ट्रान्सफर्मर उत्पादन गर्दै आएको छ । सन् १९९१ मा स्थापना भएको कम्पनीले १ केभीए र १० केभीएदेखि १३२ केभीको ट्रान्सफर्मर उत्पादन गर्दै आएको छ । कम्पनीले दीर्घकालीन तथा अल्पकालीन कर्जाका लागि १ अर्ब ६३ करोड ८३ लाख रुपैयाँको रेटिङ गराएको छ ।

हेटौंडा-११ थानाभञ्याङमा रहेको कम्पनीमा दुईजना बोर्ड निर्देशक छन् । कुशकुमार जोशी र अजयकुमार मुडभरी निर्देशक रहेको कम्पनीले आन्तरिक तथा विदेशमा ट्रान्सफर्मर निर्यात गर्दै आएको छ । कम्पनीकाअनुसार पछिल्ला दिनमा निर्यात बढ्दो क्रममा रहेको छ । त्यस्तै कम्पनीले गत आर्थिक वर्षको ९ महिनाको अवधिमा ४६ करोड ४० लाख रुपैयाँको व्यापार गरिसकेको छ । कम्पनीले सन् २०२४ मा २० लाख रुपैयाँको ट्रान्सफर्मर निर्यात गरेको थियो । गत आवमा भने निर्यात बढ्दा ४ करोड ४० लाख रुपैयाँको निर्यात गरेको कम्पनीले जनाएको छ ।

कम्पनीले सन् २०२४ मा ०.६ प्रतिशत मात्रै खुद नाफा कमाएको छ । सन् २०२३ मा २ प्रतिशत नाफा कमाएको थियो । कम्पनीले सन् २०२१ देखि गत आवको ९ महिनासम्ममा औसतमा उत्पादनको १९ प्रतिशत क्षमता उपयोग गरेको छ । सन् २०२३ मा सबैभन्दा बढी क्षमता उपयोग गरेको कम्पनीको भनाइ छ । नेपाल विद्युत प्राधिकरणको टेन्डरअघि सन् २०२४ मा १७ प्रतिशतले व्यापार घटेको कम्पनीले जनाएको छ ।

गत आवको ९ महिनाको अवधिमा ५ प्रतिशतले घटेको कम्पनीले उल्लेख गरेको छ । गत आवको यो अवधिमा सबैभन्दा बढी १२५ केभीएभन्दा बढीको ट्रान्सफर्मर बिक्री भएको जनाइएको छ । विद्युतीय सामग्रीबाट यो अवधिमा ६९ प्रतिशत आम्दानी भएको उल्लेख छ । कम्पनीले ट्रान्सफर्मर उत्पादन गर्न आवश्यक कच्चापदार्थ भारतबाट आयात गर्ने गरेको छ ।

# शिवम् सिमेन्ट उद्योगमा चोरीगर्ने ३ जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ६ साउन/गत शनिबार हेटौंडा-१६ हटियास्थित शिवम् सिमेन्ट उद्योगभित्रबाट अपरिचित मानिसहरु प्रवेश गरी मेकानिकल वर्कशपमा रहेको ऋसरको सापटको बुस (पितलको) लगायतको सामग्री चोरी भएको थियो ।

उद्योगको सामान चोरी भएको विषयमा प्रहरीमा उजुरी परेपछि चोरीको घटनाको अनुसन्धान गर्ने क्रममा चोरीमा संलग्न रहेका ३ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । सर्लाहीको बसबढिया गाउँपालिका वडा नं. ०३ बस्ने वर्ष २५ को सुनिलकुमार यादव, रौतहटको गरुडा नगरपालिका वडा नं. ०५ बस्ने वर्ष २५ को पवन यादव र वर्ष २१ को रितेशकुमार यादवलाई चोरीको सामान सहित पक्राउ गरिएको मकवानपुरका प्रहरीप्रवक्ता श्यामु अर्यालले बताए ।

हेटौंडा-१५ स्थित सडकबाट सोमबार र मंगलबार गरी सामान चोरी गर्ने ब्यक्तिहरुलाई नियन्त्रणमा लिइएको प्रहरीप्रवक्ता अर्यालले जानकारी दिएका छन् ।घटनामा संलग्न तीनै जनालाई मकवानपुर जिल्ला अदालत हेटौंडाबाट चोरी सम्बन्धी कसुर मुद्दामा थप अनुसन्धानका लागि म्याद अनुमति लिइ अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ ।


# युट्युबले हटायो ट्रेन्डिङ पृष्ठ, नेपाली संगीतमा कस्तो प्रभाव पर्ला ?

काठमाडौं/युट्युबले सोमबारदेखि ट्रेन्डिङ पृष्ठ हटाएको छ । निकट भविष्यमा विशेष क्याटेगोरी पृष्ठ सिर्जना गर्ने योजना युट्युबको छ । ट्रेन्डिङ पृष्ठ हटाउँदा नेपालसहित विश्व संगीत क्षेत्रमै प्रभाव पर्ने विश्लेषण गरिएको छ । गीतको प्रवर्धन गर्न होस् र दर्शकसामु पहुँच तुल्याउन, ट्रेन्डिङ पृष्ठको खास महत्व हुने गर्थ्यो ।

ट्रेन्डिङ पृष्ठ हटाउँदा यसको सकारात्मक र नकारात्मक दुबै खाले प्रभाव पर्न सक्ने विश्लेषण गरिएको छ । ट्रेन्डिङ पृष्ठ नहुँदा तत्काल दर्शकसँग पहुँच तुल्याउन मुस्किल हुने देखिन्छ । विशेषगरि नयाँ नेपाली संगीतकर्मी आफ्ना गीतलाई दर्शकसामु लैजान ट्रेन्डिङमा निर्भर हुन्थे । गीतको ट्रेन्डिङ सफलता र चर्चाको मानकदेखि समाचारको शीर्षक समेत बन्थ्यो ।

नेपाली फिल्मले पनि ट्रेन्डिङअनुसार नै गीत प्रचार गर्थे । गीतको तात्कालिक लोकप्रियता मापन गर्ने एउटा सूचक ट्रेन्डिङ पृष्ठ थियो । प्रशंसकले ट्रेन्डिङको गीतलाई पटक पटक हेर्थे र सेयर गर्थे । ट्रेन्डिङ भन्ने शब्द बिना प्रवर्धन प्रभावित हुनसक्ने देखिन्छ । अर्कोतर्फ बजार रणनीतिलाई पनि यसले अवरोध तुल्याउने निश्चित छ ।

नेपालका केही म्युजिक उत्पादन कम्पनी र संस्थाले ट्रेन्डिङको माहोल हेरेर गीत रिलिज पनि गर्थे । यसले रिलिजको क्यालेन्डर प्रभावित हुने देखिन्छ । यसले प्रवर्धन रणनीतिको आयाम बदलिने देखिन्छ । विशेषगरि, स्वतन्त्र कलाकार र संगीतकर्मीको 'लन्चप्याड' प्रभावित बन्ने देखिन्छ ।




किनभने, ट्रेन्डिङमा आउने अधिकांश गीतमा स्वतन्त्र कलाकारकै अधिक हिस्सा हुने गर्थ्यो । ट्रेन्डिङ पृष्ठ स्वतन्त्र कलाकारलाई मेनस्ट्रिमसँग जोड्ने एउटा पुल पनि थियो । पृष्ठ हटाउँदा अब ठूला संगीत उत्पादन कम्पनीको प्रभुत्व पुन: देखिन सक्छ ।

अहिलेको रियल टाइममा नेपाली दर्शक र श्रोताले कुन गीत सुनिरहेका छन् भन्ने हेर्ने ऐना थियो ट्रेन्डिङ पृष्ठ । यसका केही सकारात्मक प्रभाव पनि हुने देखिन्छ । ट्रेन्डिङ पृष्ठ हटाइँदा कलाकारले अब नौटंकी र प्रचारको माध्यम अँगाल्ने चलनको पछि लाग्नुको सट्टा दीर्घकालीन दर्शक अवधारण र गुणस्तरमा बढी ध्यान केन्द्रित गर्न सक्छन् ।

जनरा विशेष गीतका दर्शक संख्यामा वृद्धि हुने देखिन्छ । अबदेखि ट्रेन्डिङमा आउनुपर्छ भन्ने भाइरल मनोविज्ञान र दबाबभन्दा कलाकार निश्चित जनरा र दर्शकीय समुदायमा केन्द्रित रहेर आत्मपरक गीतको सिर्जनामा केन्द्रित हुने देखिन्छ ।

युट्युबले ट्रेन्डिङ हटाउँदा नेपाली कलाकार स्पोटीफाई, रिल्स, टिकटकसहित अन्य प्लाटफर्ममा धेरै केन्द्रित हुने अनुमान गर्न सकिन्छ । अर्कोतर्फ, गीतको पेड प्रमोसनमा वृद्धि हुनसक्छ । युट्युबले ट्रेन्डिङ पृष्ठ सन् २०१५ देखि सुरु गरेको थियो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# त्रिभुवन राजपथ बिस्तारमा पुनः तगारो

साझाकुरा संवाददाता

हेटौंडा, ६ साउन/ त्रिभुवन राजपथअन्तर्गत वीरगञ्जको मुख्य सडक (मेनरोड) विस्तारको पक्षमा सर्वोच्च अदालतले गरेको फैसला कार्यान्वयन सुरु भएको अवस्थामा केही घरधनीले फेरि सर्वोच्चमा नयाँ रिट दर्ता गराएका छन् । सर्वोच्चले यसअघि आफैंले गरेको फैसलाका विपरीत दायर रिटमा छलफल गर्न बुधवारका लागि पेसी तोकेको छ ।



वीरगञ्जको मुख्य सडक विस्तार हुननहुने भन्दै घरधनीले हालेको रिट गत फागुन २८ गते सर्वोच्च अदालतका न्यायाधीशद्वय विनोद शर्मा र महेश शर्मा पौडेलको संयुक्त इजलासले खारेज गर्ने निर्णय गरेको थियो । पटकपटक पेसी सर्दै आएको मुद्दामा सर्वोच्च अदालतले विपक्षीको रिट खारेज गर्दै सरकारको पक्षमा फैसला गरेपछि १२ वर्षदेखि अन्योलमा परेको वीरगञ्जको मेनरोड विस्तारका लागि बाटो खुलेको थियो । सर्वोच्चको फैसला कार्यान्वयनका लागि वीरगञ्ज महानगरपालिकाले सडकको दायाँबायाँको २५/२५ मिटर क्षेत्रभित्र पर्ने भौतिक संरचना हटाउने काम सुरु गरिसकेको थियो ।

तर, अहिले फेरि मुख्य सडक विस्तारको काम रोक्नका लागि २४ जनाले वीरगञ्ज महानगरपालिका, प्रधानमन्त्री कार्यालय, जिल्ला प्रशासन कार्यालय, सडक विभागलाई विपक्षी बनाएर असार ३२ गते सर्वोच्चमा पुनःउत्प्रेषण मुद्दा दर्ता गराएका हुन् । वीरगञ्ज-१२ का शिवजी कलवार, वीरगञ्ज-८ की सुशीलादेवी रौनियार, वीरगञ्ज-१२ की मनोतीदेवी रौनियार, वीरगञ्ज-१६ का चन्द्रनारायण सिंह, वीरगञ्ज-१० का राजकिशोर गुप्ता, वीरगञ्ज-८ का गोविन्दप्रसाद अग्रवाल, वीरगञ्ज-८ का राजेशकुमार रौनियारलगायतले असार ३२ गते सर्वोच्चमा फेरि उत्प्रेषण मुद्दा दर्ता गराएका हुन् ।

यो मुद्दा अर्थात् रिटमा छलफलका लागि सर्वोच्च अदालतले बुधवारका लागि पेसी तोकेको पत्र महानगरपालिकाको कार्यालयलाई मंगलवार प्राप्त भएको महानगर प्रमुख राजेशमान सिंहले बताए । एउटै विषयमा अदालतले आदेश दिइसकेपछि पुनः त्यही प्रकृतिको मुद्दा अदालतमा दर्ता हुनु न्यायिक प्रक्रिया विपरीत रहेको कानुन व्यवसायीको तर्क छ । वीरगञ्जका कानुन व्यवसायी एकजनाले भने, 'फैसला भइसकेको मुद्दामा त्यही अदालतमा फेरि रिट दर्ता नहुनुपर्ने हो । शायद सर्वोच्चले यसअघि गरेको फैसलाबारे त्यहाँका कर्मचारीलाई जानकारी नभएर पुन त्यही विषयमा रिट दर्ता भएको हुनुपर्छ ।'

उनले थपे, 'एकै मुद्दामा अन्तिम आदेश भइसकेपछि त्यही विषयमा पुनः मुद्दा दर्ता गर्नु न्यायिक निर्णयको अनादर हो । यदि मुद्दा दर्ता भएपनि अदालतले यसलाई खारेजभागीको प्रक्रियामा लैजाने सम्भावना रहन्छ ।' वीरगञ्जको अदालतबाट टुङ्गो लागेर मुख्यसडक विस्तारको काम सुरु भइसकेको अवस्थामा न्यायिक बहानामा फेरि सडक विस्तारको काम अवरुद्ध पार्न खोज्नु विकास विरोधी काम भएको वीरगञ्जका स्थानीय बताउँछन् । वीरगञ्ज-११ रानीघाटका रमेश स्वर्णकारले भने, 'खारेज भइसकेको मुद्दा फेरि हालेर वीरगञ्जको विकासलाई ओझेलमा पार्न खोजिएको देखिन्छ ।'

वीरगञ्ज-५ का वडाध्यक्ष प्रदीप चौरसियाले वीरगञ्जको विकास नरुचाउने केही सीमित व्यक्तिको दबाब र प्रभावमा सडक विस्तारलाई अवरुद्ध पार्न अदालतमा फेरि नयाँ रिट दर्ता भएको हुनसक्ने बताए । उनले भने, '१२ वर्षसम्म अल्झाएर राखिएको मेनरोड विस्तारको मुद्दा सर्वोच्चले छिनोफानो लगाइ सकेपछि वीरगञ्जबासी खुसी भएका थिए । तर, अहिले फेरि त्यही विषयमा नयाँ रिट दर्ता हुँदा हामी अचम्ममा परेका छौं ।' २०६९ सालमा तत्कालीन नेपाल सरकारको निर्णयअनुसार सडक विभागले वीरगञ्जको मेनरोड विस्तारका लागि सडकको मध्यभागबाट दायाँ-बायाँ दुवैतर्फ २५/२५ मिटरभित्र पर्ने भौतिक संरचना खाली गर्न सूचना निकालेपछि त्यसक्षेत्रमा पर्ने करिब एक हजार दुईसय घरधनीले सरकारको निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट हालेका थिए ।

लक्ष्मण साहरौनियार समेतले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, सडक डिभिजन कार्यालय हेटौंडा, व्यापारिक मार्ग विस्तार आयोजना कार्यालय वीरगञ्ज-पथलैया, जिल्ला प्रशासन कार्यालय पर्सालगायतलाई विपक्षी बनाएर ७ कार्तिक २०७६ मा रिट दर्ता गराएका थिए । त्यसअघि ११ मङ्सिर २०७५ मा विक्रम गुरुङले पनि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित १० वटा सरकारी कार्यालयलाई विपक्षी बनाएर मुद्दा दायर गरेका थिए । त्यसपछि पनि मुख्य सडक २५/२५ मिटर विस्तार गर्ने सडक विभागको निर्णय खारेजीको माग गर्दै घरधनीले सर्वोच्च अदालतमा २०७६ कार्तिक ७ गते रिट हालेका थिए ।

रिटमा सरकारको निर्णय खारेज हुनुपर्ने, यदि सडक विस्तार गरिएको खण्डमा मुआब्जा पाउनुपर्ने, वीरगञ्जमा अन्य वैकल्पिक सडक निर्माण भएकाले मेनरोड विस्तारको आवश्यकता नै नरहेको र सरकारले त्रिभुवन राजपथको एलाइमेन्ट परिवर्तन गरेर परवानीपुरदेखि आइसिपीसम्मको ६ लेनको व्यापारिक राजमार्गलाई त्रिभुवन राजपथ कायम गर्ने निर्णय गरेको माग दाबी गरिएको थियो । तर, सर्वोच्चले मुद्दाको पटकपटक पेसी सारेर टुङ्गो नलगाईदिएका कारण १२ वर्षदेखि वीरगञ्जको सडक विस्तारको काम सुरु नहुँदै रोकिएको थियो ।

यो मुद्दाको २७ औं पटकको पेसी गत फागुन २७ गते परेको थियो । दुवैतर्फको बहस नसकिएका कारण यो मुद्दा हेर्दाहेर्दैमा राखिएकोमा गत फागुन २८ गते भने सरकारको पक्षमा अर्थात् सडक विस्तारको पक्षमा फैसला आएको थियो । सडक विभागले २०६९ साल भदौ १५ गते, सडक डिभिजन कार्यालय हेटौंडाले २०६९ फागुन ११ गते र २९ गते, २०७१ फागुन २ गते तथा २०७३ पुस १८ गते पनि १५ दिने सूचना जारी गरी सडकक्षेत्रमा पर्ने घरटहरा भत्काउन आग्रह गरेको थियो ।

# मकवानपुरमा सवारी दुर्घटनाबाट गतवर्ष ५० जनाले ज्यान गुमाए

साझाकुरा संवाददाता

हेटौंडा, ६ साउन/गत आर्थिक वर्ष २०८१/८२ मा जिल्ला प्रहरी कार्यालय मकवानपुरमा विभिन्न प्रकृतिका १२ सय ६३ थान मुद्दा दर्ता भएका छन् ।

अघिल्लो आर्थिक वर्षमा जिल्ला प्रहरी कार्यालय मकवानपुर तथा मातहत प्रहरी कार्यालयहरुबाट भएगरेका कार्य विवरण प्रस्तुत गर्दै जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता एवम् प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले गतवर्ष कार्यालयमा १२ सय ६३ थान मुद्दा दर्ता भएको जानकारी दिए । उनकाअनुसार अपराध अनुसन्धानतर्फ एक हजार ७५ मुद्दा दर्ता भएका छन् भने ९ सय २८ जनालाई पक्राउ गरिएको छ । त्यस्तै लागुऔषध शीर्षकमा १ सय ८८ थान मुद्दा दर्ता भएकोमा लागुऔषध कारोबार तथा ओसार प्रसार शीर्षकमा २ सय ८९ जनालाई पक्राउ गरिएको छ ।

गत आर्थिक वर्षमा जिल्ला प्रहरी कार्यालय मकवानपुरले ६ हजार ४ किलो गाँजा, चरेश ५१ किलो ७१० ग्राम, अफिम २६ किलो ८८० ग्राम, कोरेक्स ६२८ बोतल, नाइट्राभेटर ट्रामाडोल ९५ हजार २ सय ७१ क्यापसुल बरामद गरेको छ । त्यस्तै प्रहरीले डाईजेपाम २७५७ एम्पुल, खैरोहेरोइन ४७६ ग्राम ४३३ मिलिग्राम बरामद गरेको छ । प्रवक्ता अर्यालका अनुसार गतवर्ष मात्र चोरीका ५५ वटा सवारीसाधन बरामद गरिएको छ भने चोरीका घटनामा २८९ जना मानिसलाई पक्राउ गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरले गतवर्ष ४ सय २१ जना प्रहरी परिचालन गरी १२० विगाहा ४ कठ्ठा जमिनको गाँजा र ३९ बिगाह १४ कठ्ठा जमिनको अफिम फडानी गरेको तथ्यांक सार्वजनिक गरेको छ । प्रहरी कार्यालय मकवानपुरका अनुसार अवैध भन्सारछलि नियन्त्रणतर्फ २ करोड ५९ लाख १९ हजार ९९३ रुपैयाँ बराबरको लत्ताकपडा तथा खाद्यान्न, १२ करोड १७ लाख २७ हजार ५०६ रुपैयाँ बराबरको ८ किलो ७३५ ग्राम १४३ मिलिग्राम अवैध सुन, ३ लाख ६६ हजार ५४९ मूल्य बराबरको २ किलो १९६ ग्राम चाँदी बरामद गरिएको छ ।

प्रवक्ता अर्यालका अनुसार ट्राफिक व्यवस्थापन तथा कारबाहितर्फ ३० हजार ३४ थान सवारीलाई कारबाही गरिएको छ भने ४०७ थान सवारी दुर्घटनामा परेका छन् जसमा ५० जनाले ज्यान गुमाएका छन् । प्रहरीले गतवर्ष मादकपदार्थ सेवन गरी सवारी चलाउने ८४४ र लागूपदार्थ सेवनगरी सवारी चलाउने २१ जनालाई कारवाही गरेको छ । प्रहरीले गतवर्ष सवारीतर्फ २ करोड ४१ लाख ४५ हजार ०५४ रुपैयाँ राजस्व संकलन गरेको प्रवक्ता अर्यालले जानकारी दिएका छन् ।

प्रहरीले अवैध भन्सार छलि ल्याइएका १६ करोड छ लाख ९५ हजार चारसय ७३ रुपैयाँ विदेशी मुद्रा नियन्त्रणमा लिएको छ । यी समयमा प्रहरीले अवैध गिट्टीबालुवा उत्खनन् नियन्त्रणतर्फ १६२ थान टयाक्टर, ३१ थान टिप्पर र दुई थान स्काभेटरलाई नियन्त्रणमा लिएको छ ।

जसमार्फत् ११ लाख १५ हजार ५०० रुपैयाँ राजस्व संकलन भएको प्रहरीले जनाएको छ । गतवर्ष जिल्ला प्रहरी कार्यालय मकवानपुरले १८३ जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ भने फैसला कार्यान्वयनमार्फत् १ करोड २१ लाख ७३ हजार ८०५ रुपैयाँ जरिवाना असुलउपर गरेको छ ।

# नेपालमा १८ अर्ब रुपैयाँको मकै आयात

साझाकुरा संवाददाता

हेटौंडा, ६ साउन/नेपाल कृषिप्रधान देश भएपनि कृषिजन्य उत्पादन विदेशबाट आयात गरिन्छ । भन्सार विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार गत आर्थिक वर्ष २०८१/८२ मा मात्रै नेपालमा ३ लाख ८० हजार मेट्रिकटन मकै विदेशबाट आयात भएको छ ।

नेपालका सबै क्षेत्रमा मकै उत्पादन हुने भएपनि आवश्यकता अनुसारको मकै उत्पादन भने भएको छैन । विभागका अनुसार मकै आयातका लागि मात्रै नेपालबाट १८ अर्ब ३० करोड ९३ लाख रुपैयाँ बाहिरिएको छ । आर्थिक वर्ष २०८०/८१ मा मकै आयातमा मात्रै १४ अर्ब ६ करोड ५३ लाख रुपैयाँ बाहिरिएको थियो । नेपालमा अर्जेन्टिना, बंगलादेश, ब्राजिल, क्यानडा, भारत, ताईवान, अमेरिका जस्ता देशबाट मकै आउने गरेको छ । मकै प्रायः पोल्ट्री व्यवसाय र पशुपालन फर्ममा दाना बनाउने कच्चपदार्थको रुपमा बढी प्रयोग गर्ने गरिन्छ ।

# सिटी कलेज ई-स्पोर्ट्स एरिना प्रतियोगिता आजदेखि सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ६ साउन/ हेटौंडा सिटी कलेज र जेनिथ इन्टर नेशनल विद्यालयको संयुक्त आयोजनामा दोस्रो संस्करणको ई-स्पोर्ट्स एरिना प्रतियोगिता साउन ७ गतेदेखि सुरुहुने भएको छ । प्रतियोगितासम्बन्धी जानकारी मंगलबार हेटौंडामा आयोजित पत्रकार सम्मेलनमार्फत् गरिएको हो ।




विद्यालयका प्रिन्सिपल श्रीबहादुर कार्कीका अनुसार प्रतियोगितामा सहभागी हुनका लागि कम्तिमा १६ वर्ष उमेर पुगेको र एसईई परीक्षा दिइसकेको हुनु पर्नेछ । प्रतियोगितामा फ्रीफायर, पब्जी र ई-फुटबल गरी तीनविधामा प्रतिस्पर्धा हुनेछ । फ्रीफायरमा ३६ स्लट, पब्जीमा १२ स्लट र ई-फुटबलमा ४० स्लट रहनेछ । पब्जी र फ्री फायरमा हरेक टोलीमा एकजना ब्याकअपसहित ५ जना खेलाडी रहनेछ भने प्रतियोगितामा जम्मा ४८ टोलीका करिब २८० जना खेलाडीको सहभागिता रहने कार्कीले जानकारी दिए ।

विद्यालयका प्रशासन प्रमुख सुमन्त सिलवालका अनुसार मकवानपुरमा कलेज तहबाट पहिलोपटक पुरस्कार राशिसहितको ई-स्पोर्ट्स प्रतियोगिता आयोजना गर्न लागिएको हो । कूल ५० हजार रुपैयाँ पुरस्कार राशिको प्रतियोगिता नेपालमै कलेजस्तरबाट आयोजना हुने सबैभन्दा ठूलो ई-स्पोर्ट्स इभेन्ट भएको दाबी गरिएको छ । ई-स्पोर्ट्सप्रति युवापुस्ताको बढ्दो आकर्षणलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको उनले बताए ।

फ्रीफायर खेलमा प्रथम हुने टोलीलाई नगद ११ हजार रुपैयाँ, दोस्रो हुनेलाई ५ हजार ५ सय रुपैयाँ र तेस्रो हुनेलाई २ हजार ५ सय रुपैयाँ प्रदान गरिनेछ । त्यसैगरी उत्कृष्ट खेलाडी र फ्यान फेभरेट टिमलाई २/२ हजार रुपैयाँ प्रदान गरिनेछ । पब्जी खेलमा प्रथम हुने टोलीले ८ हजार ५ सय रुपैयाँ, दोस्रोले ४ हजार रुपैयाँ, तेस्रोले २ हजार रुपैयाँ प्राप्त गर्नेछन् । उत्कृष्ट खेलाडीलाई १ हजार ५ सय रुपैयाँ पुरस्कार दिइनेछ ।

ई-फुटबल विधामा प्रथम, दोस्रो र तेस्रो हुनेलाई क्रमशः ४ हजार, २ हजार ५ सय र १ हजार ५ सय रुपैयाँ प्रदान गरिनेछ । टप गोलकर्तालाई १ हजार रुपैयाँको पुरस्कार प्रदान गरिने छ । प्रतियोगिताको फाइनल खेल साउन ८ गते हुने बताइएको छ ।

# हेटौंडा सिमेन्ट उद्योगमा सञ्चालक नियुक्त गर्न दरखास्त आह्वान

साझाकुरा संवाददाता

हेटौंडा, ६ साउन/सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योग लिमिटेडमा सञ्चालक सदस्य नियुक्तिका लागि दरखास्त आह्वान भएको छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले हेटौंडा सिमेन्ट उद्योगमा रिक्त दुई सञ्चालक सदस्यपदमा नियुक्तिका लागि दरखास्त आह्वान गरेको हो । उद्योग मन्त्रालयले जारी गरेको सूचना अनुसार सञ्चालक सदस्य खुला प्रतिस्पर्धाबाट पदपूर्ति गरिने छ । इच्छुक र योग्य नेपाली नागरिकले साउन १० गतेसम्म कार्यालय समयभित्र सिंहदरबारस्थित मन्त्रालयको सरकारी उद्योग तथा संस्थान शाखामा आवेदन दिनुपर्ने छ ।

आवेदनका लागि मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तह उत्तीर्ण गरी सम्बन्धितक्षेत्रमा कम्तिमा ५ वर्षको कार्यअनुभव भएको हुनुपर्ने सूचनामा उल्लेख छ । आवेदकको उमेर दरखास्त दिने अन्तिम मितिसम्म ३० वर्ष पूरा भई ६५ वर्ष ननाघेको हुनुपर्ने जनाइएको छ । 'उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसम्बद्ध सार्वजनिक निकायमा पदाधिकारी नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका २०७८' को अनुसूची-२ बमोजिम सञ्चालक सदस्य पदमा दरखास्त भरेर २ प्रति पासपोर्ट साइजको फोटो, शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, मन्त्रालयको वेबसाइटमा रहेको नमूना बमोजिम स्वघोषणा फारम, व्यक्तिगत विवरण र अनुभव सम्बन्धमा सम्बन्धित निकायको प्रमाणित कागजातका प्रतिलिपिलाई उम्मेदवार स्वयम्ले प्रमाणित गरी पेस गर्नुपर्ने सूचनामा उल्लेख छ ।

वि.सं २०३३ मा हेटौंडाको लामसुरेमा स्थापना भएको हेटौंडा सिमेन्ट उद्योगले विसं २०४३ देखि ब्यावसायिक सिमेन्ट उत्पादन सुरु गरेको थियो । सरकारको स्वामित्वको उद्योग निरन्तर संचालन गर्न सकेको खण्डमा निजी क्षेत्रका सिमेन्ट उद्योगले सिमेन्टको मूल्यमा एकाधिकार जमाने सम्भावना रहँदैन । बजारमूल्य निर्धारणका लागि पनि सरकारले हेटौंडा सिमेन्ट उद्योग संचालन गर्नै पर्छ । पुन गुल्जार हुने पर्खाइमा रहेको हेटौंडा सिमेन्ट उद्योग आर्थिक वर्ष २०७५/७६ देखि निरन्तर घाटामा चल्दै आएको छ । यो उद्योगको वार्षिक उत्पादन क्षमता प्रतिदिन ७ सय २२ टन हो ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !
3 YEARS
HA, LAB TECHNOLOGY, PHYSIOTHERAPY, RADIOGRAPHY

SEE/SLC पास पछिको ३ वर्षे प्रमाणपत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८२/०८३ को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SEE/SLC) परिक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयलिई समग्रमा Grade Point Average (GPA) न्यूनतम २ प्राप्त हुनु पर्नेछ ।

MTI का विशेषताहरु
- उत्कृष्ट एवं अनुभवी प्राध्यापकहरुद्वारा अध्यापन गराईने
- उत्कृष्ट पूर्वाधार प्राप्त-OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवं मनोरम शैक्षिक वातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरुलाई प्रोजेक्टरको माध्यमबाट पठनपाठन गराईने
- उत्कृष्ठ ल्याबको सुविधा
- उत्कृष्ठ नतिजा
- २९ वर्ष देखि निरन्तर चलिरहेको संस्था

CTEVT को स्वास्थ्य विषयमा पढ्न चाहने विद्यार्थीहरुलाई सुवर्ण अवसर

कार्यक्रमहरु

| | |
|---|---|
| Health Assistant (HA) | 40 सिट |
| PCL Lab Technology | 30 सिट |
| PCL Radiography | 30 सिट |
| PCL Physiotherapy | 40 सिट |

फारम शुल्क रु १०००/-

- फारम वितरण मिति: २०८२/08/06 गते मंगलवार देखि
- फारम बुझाउने अन्तिम मिति: २०८२।08।२५ गते आइतवार बेलुका 8:30 सम्म

मकवानपुर टेक्निकल इन्ष्टिच्युट
हेटौंडा-५ भैरव रोड, सम्पर्क: ०५७-५२१८५२, ९८५५०३१९१०, ९८६०२०२६७१, ९८५५०१२८५२

साईराम वचत तथा ऋण सहकारी संस्था लि.
हेटौंडा-२ संगमचोक देवीपथ

## कर्मचारी आवश्यकता

| | |
|---|---|
| तह | : ४ (चौथो) |
| पद | : कार्यालय सहायक |
| आवश्यक संख्या | : १ (एक) |
| शैक्षिक योग्यता | : न्यूनतम व्यवस्थापन संकायमा +२ उत्तीर्ण, विज्ञान, अर्थशास्त्र, गणित वा कम्प्यूटर, मूख्य विषय लिई जुन सुकै संकायमा +२ उत्तींण वा अन्य कुनै पनि संकायमा प्रथम श्रेणी वा A ग्रेडमा +२ उत्तीर्ण |
| उमेर | : १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको । |
| आधारभूत तलब | : रु.२१,२७५/- |
| भत्ता | : रु.१०००/- + रु.५०००/- एक हजार शुरुबाट नै पाउने (बाँकी परिक्षण कालपछि) |
| अन्य सुविधा | : एक महिनाको तलब मेडिकल सुविधा, एक महिनाको दशैं र नियमानुसार बोनस । परिक्षण कालपछि दशैं भत्ता पाउन ६ महिना काम गरेको अवधि हुनुपर्छ । |
| परिक्षण काल | : १ वर्ष । |
| विशेष क्षमता | : कम्प्यूटरमा Diploma हुनुपर्ने, Word, Excel तथा Power Point मा राम्रो क्षमता भएको । |
| पेश गर्नुपर्ने कागजात | : शैक्षिक योग्यताको प्रमाण पत्र, चारित्रिक प्रमाण-पत्र, नागरिकता र तालिमको प्रमाण-पत्र। |
| परप्क्षाको किसिम | : लिखित, मौखिक तथा प्रयोगात्मक । |
| दरखास्त खुल्ला मिति | : २०८२/०४/०६ गते । |
| दरखास्त अन्तिम मिति | : २०८२/०४/२१ गते कार्यालय समयभित्र |
| लिखित परीक्षा मिति | : २०८२/०४/२३ गते । |
| मौखिक तथा प्रयोगात्मक | : २०८२/०४/२४ गते । |
| नतिजा प्रकाशन | : २०८२/०४/२५ गते । |
| सम्पर्क मिति | : २०८२/०४/२५ गते । |
| प्रारम्भिक तालिम | : ५ दिन |
| तलबी हाजिरी | : २०८२/०५/०१ गते । |
| परीक्षा दस्तुर | : रु.१,०००/- |

सम्पर्क नं. ०५७-५२१२९६, ५२४६३४, मो. ९८४५२८८३२४

नोट : अन्य संघ संस्थामा कार्यरत रही निलम्बन वा छानविनमा परेको व्यक्तिको दरखास्त स्वीकार गरिने छैन ।

## ईजाजत पत्र नवीकरणको लागि सिफारीस तथा सदस्यता नवीकरण सम्बन्धी सूचना !

मिति २०८२/०३/३० गते नेपाल निर्माण व्यवसायी महासंघ प.स २०८१/०८२ च.न. १०१६ को प्राप्त पत्रानुसार यस संघ अर्न्तगत रहेका सर्पण निर्माण व्यवसायीज्युहरुले आफ्नो इजाजत पत्र नवीकरण गर्दा निर्माण व्यवसायी नियमावली, २०५६ को नियम ७ उपनियम २ र सोको अनुसुची-५ खण्ड ५ अनुसार अनिवार्य रुपमा क, ख, ग वर्गका फर्म/कम्पनीहरुले भौतिक पुर्वाधार तथा यातायात मन्त्रालयको निर्माण व्यवसाय प्रवर्द्धन शाखा, बबरमहल काठमाडौंमा महासंघको सिफारिस र घ वर्गका फर्म/कम्पनीहरुले सम्बन्धित स्थानीयतहमा यस संघको सिफारिस लिनुहुन तथा आफ्नो सदस्यता नवीकरण अनिवार्य रुपमा असोज मसान्तसम्ममा गर्नु हुन यसै सूचना मार्फत जानकारी गराउदछौं । अन्यथा इजाजत-पत्र नवीकरण सिफारिस नलिने तथा नवीकरण नगर्ने फर्म/कम्पनीहरुलाई यस संघबाट दिईने सेवा सुविधाबाट बञ्चित हुने व्यहोरा समेत अनुरोध गर्दछौं ।

राजेन्द्र प्रसाद चौलागाई
महासचिव
निर्माण व्यवसायी संघ, मकवानपुर

## सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम



Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल सम्पर्क नं.: ०५७-५९०३३३